जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

● मानो रोपौं, मुरी फलाऔं,
● खेतीयोग्य जमिन बाँझो नछोडौं,
● पसिना बगाऔं, समुन्नत बनौं,
● आफू र देशलाई परनिर्भरतबाट बचाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष २५ •अंक ३० • २०८० साल असार ४ गते सोमबार (19 June, Monday, 2023) •पृष्ठ ८ •मूल्य रु. ५।-

## मधेश प्रदेशको संसदीय समिति सभापतिमा तीन महिला



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सभा अन्तर्गतका तीन समितिको सभापतिमा महिला सभासद सर्वसम्मतबाट चुनिएका छन् ।

मधेश प्रदेशसभा अन्तर्गतका सात विषयगत समिति रहेका छन् । ती मध्ये ५ समितिको आइतबार सभापति चयन भएकोमा तीन समितिको सभापतिमा महिला सर्वसम्मतले चयन भएकी छन् ।

प्रदेशसभा कार्य सञ्चालन नियमावली, २०७५ को नियम १४६ बमोजिम गठित विषयगत समितिमध्ये विकास, अर्थ तथा योजना, प्राकृतिक स्रोत तथा वातावरण, सार्वजनिक लेखा र महिला, बालबालिका तथा सामाजिक न्याय समितिको सभापति सर्वसम्मत चयन गरिएको छ ।

विकास समितिमा जनता समाजवादी पार्टी नेपालका शारदा शङ्करप्रसाद कलवार, अर्थ तथा योजनामा जनमत पार्टीका सतिशकुमार सिंह, प्राकृतिक स्रोत तथा वातावरण समितिमा नेकपा (माओवादी केन्द्र)की शारदा पहाडी दास, सार्वजनिक लेखा समितिमा नेकपा (एमाले) का मञ्जुकुमारी थापामगर र महिला, बालबालिका तथा सामाजिक न्याय समितिमा लोकतान्त्रिक समाजवादी पार्टीका रुपाकुमारी यादव सभापतिमा चयन भएकी छन् ।

विषयगत समितिका सभापतिलाई सभामुख रामचन्द्र मण्डलले आइतबार पद तथा गोपनीयताको शपथग्रहण गराए । उनीहरुले आइतबार नै पदभार पनि ग्रहण गरेका छन् ।

कृषि तथा भूमि व्यवस्थापन र प्रदेश मामिला समितिको सभापति चयन हुन बाँकी छ । मधेश प्रदेशमा अर्थ तथा योजना समितिमा सभापतिसहित ११, कृषि तथा भूमि व्यवस्थापन समितिमा १२, प्रदेश मामिला समितिमा ९, प्राकृतिक स्रोत तथा वातावरण समितिमा १२, महिला बालबालिका तथा सामाजिक न्याय समितिमा १३, विकास समितिमा १२ र सार्वजनिक लेखा समितिमा १५ सदस्यीय रहने व्यवस्था छ ।

चयन हुन बाँकी रहेका समितिका सभापति पनि चाँडै टुंगिने सभामुख रामचन्द्र मण्डलले बताएका छन् । प्रदेश सभामा संसदीय समिति गठन भएपछि संसदको गतिविधि फराकिलो हुने बताइएको छ ।

### भारुको अवमूल्यन जारी

## स्थानीयले भारु निकाल्न थाले, भारतीय पर्यटक मारमा

**टुडे समाचारदाता**

जनकपुरधाम । भारतीय रुपैया (भारु)को अवमूल्यन जारी रहेकाले भारतीय पर्यटकहरु मारमा पर्न थालेका छन् । ठूला दरका भारु नोट लिएर नेपाल घुम्न आउने भारतीय पर्यटकहरुको बजेट नै विग्रन थालेको छ ।

भारतीय पर्यटकहरुले भारु रुपैयाँ साट्नु परे स्थानीय व्यवसायीहरुले पाँच सय भारुको नोटलाई नेपाली साढे सात सयसम्म साटिन्छ । दुई हजार दरको नोट साटनु परे ३ सय नेपाली घटाएर पनि स्थानीय व्यवसायीहरुले लिन मान्दैनन् ।

अधिकांश भारतीय एटीएम नेपालमा काम गर्दैनन् । अहिले हरेक दिन हजारौंको संख्यामा भारतीय पर्यटक नेपाल आउने गरेका छन् । तर उनीहरुले बोकेर ल्याउने भारुको अवमूल्यन भएको कारण अनावश्यक समस्या पर्ने गरेका छन् ।

भारत राजस्थानका मनोहर साहुका अनुसार उनीसित भएको २ हजार र ५ सयको नोट लिन व्यवसायीहरुले मानेका छैनन् । 'सात दिन नेपाल घुम्ने मेरो कार्यक्रम रहे पनि भारु नचल्ने भएपछि ४ दिनमै फर्किन लागेका छौं' उनले भने, जनकपुरधाम दर्शन गरेपछि पोखरा घुमेर भैरहवाबाट फर्किने निर्णय गरेका छौं ।



भारु रुपैया आफूसित पर्याप्त रहे पनि नेपालमा लिनै नमान्ने, लिन तयार भए पनि सयकडा १५ रुपैयाँसम्म घटाउने गरेको उनले दुखेसो पोखे ।

नेपाल राष्ट्र बैंकको विनिमय दरमा १ सय भारुको मूल्य नेपाली १ सय ६० रुपैयाँ नै रहेको छ । तर अवैध बजारमा १ सय भारुको मूल्य १ सय ५० भन्दा पनि कम नेपाली रहेको छ ।

होटेल व्यवसायीहरुका अनुसार भारतीय पर्यटकको संख्या खासै घटेको छैन् । तर भारतीय रुपैयाँले उनीहरु समस्यामा पर्न थालेका छन् ।

होटेल रामाका मैनेजर दीपक गिरीका अनुसार स्थानीय ग्राहकहरुले समेत भारुमा भुक्तान गर्न थालेपछि समस्या आइपरेको छ । निर्धारित रेटमा लिएको भारु बजारमा पठाउँदा पाँच सय दरको भारु साढे सात सय नेपालीमा तरकारी, मासु पसलेहरुले लिने गरेको उनले बताए । तर भारतीय पर्यटकसित भारु तोकिएकै दरमा लिने गरेको गिरीले जनाए ।

कानुनी रुपमा विनिमय दरमा कुनै परिवर्तन नभए पनि अवैध बजारमा भारतीय मुद्रा खस्कदो अवस्थामा छ । गत वर्षको चैत महिनासम्म महँगो रहेको भारु अहिले निकै कमजोर भएको छ । हुण्डी र तस्करीको धन्धामा संलग्न रहेकाहरुका अनुसार असार अन्तिमसम्म नेपाली र भारु नोटबीच सन्तुलन हुन नसके देशकै आर्थिक अवस्था अत्यन्त कमजोर हुन सक्छ ।

नेपालमा भारु कमजोर भएको मात्र नभै सीमावर्ती भारतीय बजारमा पनि नेपाली रुपैयाँ नै बलियो छ ।भारतीय सीमावर्ती बजारमा भारुको भन्दा नेपाली रुपैयाँको माग बढदो छ ।भारतीय व्यवसायीहरुलेपनि नेपाली रुपैयाँमा कारोबार गर्न चाहन्छन् ।

मारवाडी सेवा समिति जनकपुरधामका पूर्व अध्यक्ष ललित बजाजले भारु रुपैयाँ निर्धारित मूल्यमा लिए पनि पाँच सय दुई हजारको नोट लिन समस्या रहेको बताए ।

नेपालमा भारु १ सय दरको नोट मात्र मान्य छ ।तर व्यवहारमा २ सय, ५ सय र २ हजार दरको भारु पनि चलनचल्तीमा रहेको छ ।तर अब २ सय र ५ दरको भारु सयकडा १० कममा खरिद गरिए पनि २ हजार दरको भारु नेपालमा चलाउन निकै कठिन भएको बताइन्छ ।

सीमा क्षेत्रमा बासिन्दाहरुले घरमा सञ्चित गरेका भारु पनि स्थानीय बजारमा चलाउन थालेपछि सर्वसाधारण झन सशंकित बनेका छन् । भारु रुपैयाँ अझै अवमूल्यन हुने हुण्डी गर्नेहरुको अनुमान छ ।

तर भित्री भारतमा रुपैयाँको कारोबारमा कुनै समस्या देखिएको छैन् । २ हजारको नोट पनि व्यवसायीहरुले लिने गरेका छन् ।

तर नेपाली सीमावर्ती भारतीय बजार र नेपाली बजारमा भारुको निकै अवमूल्यन भएको छ । भिठ्ठामोडको नेपालतर्फ सडकमा ५ रुपैयाँ सयकडा महँगोमा नेपाली नोट साट्ने धन्धामा लागेकाहरु अहिले १० रुपैयाँ सयकडा कममा नै भारु बेच्न थालेका छन् ।






# निःशुल्क स्यालो ट्यूबवेल

टुडे समाचारदाता

बर्दिवास । तरकारी उत्पादनका लागि जिल्लाकै पकेट क्षेत्र मानिएको औरही नगरपालिकाले त्यहाँका किसानका लागि सिँचाइ सामग्री वितरण गरेको छ । नगरपालिकाले तीन सय थान सिँचाइ मोटर र २५० थान स्यालो ट्यूबवेल वितरण गरेको छ।



नगरपालिकाले शुक्रबारदेखि १, २, ७, ८ र ९ नम्बर वडाका किसानलाई २ एचपी क्षमताको मोटर तथा स्यालो ट्युबवेल वितरण कार्य सुरु गरेको छ ।

नगरपालिकाले ७५ प्रतिशत अनुदानमा मोटर तथा सात हजार जडान खर्चसहित स्यालो ट्यूबवेल सामग्री निःशुल्क उपलब्ध गराएको जनाएको छ ।

औरही नगर प्रमुख प्रदीप खड्काले मोटर र ट्युबवेल जडान भइसकेपछि ती वडाका छ सय किसान परिवारका एक हजार पाँच सय हेक्टर जग्गामा बाह्रै मास सिँचाइ सुविधा पुग्ने जनाए ।

औरही नगरपालिकाकी कृषि शाखा प्रमुख कविता विष्टका अनुसार नगर क्षेत्रमा तीन हजार ३२६ हेक्टर कृषियोग्य भूमि छ । तिनमा पश्चिमको जङ्गाहा र पूर्वतर्फको रातु खोलाबाट प्राकृतिक सिँचाइको व्यवस्था छ।

विगत केही वर्षदेखि नदीको जलस्रोत सुक्दै गएको छ । हिउँदपछि र वर्षापूर्वको गर्मी समयमा प्राकृतिक कुलोमा पानी नआउने हुँदा यहाँका अधिकांश जमिन बाँझै रहने र बाली लगाइएकामा पनि सिँचाइ अभावले उत्पादनमा ह्रास आउने समस्या देखिएको छ ।

# धानको बीउ सुक्न थालेपछि किसान चिन्तित

ओम प्रकाश यादव

गरुडा । अत्यधिक गर्मीका कारण धानको बीउ सुक्न थालेपछि रौतहटका किसान चिन्तित भएका छन् ।

लामो समयदेखि परेको खडेरीका कारण किसानहरुले खेतमा लगाएको धानको बीउ सुक्न थालेको छ ।

असार लागिसक्दा समेत पानी नपर्दा रोप्नका लागि तयार भइसकेको धानको बीउ खेतमै सुक्न थालेपछि रौतहटका किसान निकै चिन्तामा परेका छन् ।

अत्यधिक गर्मीसँगै खडेरीले किसानहरुले राखेको धानको ब्याड र धानखेती चिरा चिरा पर्न थालेको छ । लामो समयदेखि पानी नपर्दा किसानहरु चिन्तित बनेका छन् ।



तराई मधेशका किसान खासगरी आकाशे पानीकै भरमा धानबाली लगाउने गरेका छन्,तर यसपालि असार लागिसक्दासमेत पानी नपरेपछि पानीको अभावमा जेनतेन गरेर लगाएको धानको बीउ सुक्न थालेपछि कृषकहरु मर्कामा परेका छन् ।

तराइका किसान वर्षेनि आकाशे पानी कै भरमा खेती गर्ने गरेका छन् । तर विगत केही दिनदेखि पानी नपरेपछि किसानले लगाएको धानबाली सुक्न थालेको छ भने अब लगाउने उद्देश्यले खेतमा राखेको धानको बीउसमेत सुक्न थालेपछि किसानहरु निकै चिन्तामा परेका छन् ।

खेतमा यतिबेला सबैजसो किसानका ब्याडमा हरियाली धानको बीउ हुन्थे । असारको दोस्रो हप्ता पछाडि किसानले धान रोप्ने तयारी गर्थे तर यस पटक भने पानी नपरेपछि पम्पींगसेट अर्थात (बोरिंग) बाट महंगो सिँचाइ गरी खेतमा लगाएको बीउ नै सुक्न थालेपछि आफूहरु निकै चिन्तित भएको किसानहरु बताउँछन् ।

बीउमा पटक पटक पानी हाल्नुपर्ने भए पनि पानी नपर्दा सिँचाइको अभावमा बीउ राखेको खेत चिराचिरा परेर चर्किन थालेको माधवनारायण नगरपालिका ६ का किसान रमेसर राय यादवले बताए ।

पानी नपर्दा समयमा धानबाली लगाउन नसकिने भएको हुँदा यसवर्ष धान उत्पादनमासमेत कमी आउने आशंका बढेको किसान यादवले बताए ।

एकातर्फ आकाशे पानी नपरेको र अर्कोतर्फ नहरमा समेत बागमती सिँचाइ आयोजनाले पानी नछाड्दा धानको बीउमा सिँचाइ गर्न समस्या भएको गढिमाई नगरपालिका ८ का किसान जोगी साहले बताए।

पैसा हुने किसानले मोटर, पम्पींगसेट अर्थात (बोरिंग) बाट बीउमा महंगो सिचाई गर्न बाध्य छन्,भने पैसा नहुने किसानलाई आकाशे पानीकै भर पर्नुपर्ने बाध्यता छ ।

# अवैध मोबाइल र घडीसहित एक पक्राउ

टुडे समाचारदाता

बीरगञ्ज । भन्सार राजस्व छली अवैध रुपमा भित्र्याइएका विभिन्न ब्रान्डका मोबाइल तथा घडीहरू पर्सा प्रहरीले बरामद गरेको छ । प्रहरीले ५९ थान मोबाइल र १ सय ८५ थान घडीसहित एक भारतीयलाई पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।



विशेष सूचनाका आधारमा वीरगञ्ज महानगरपालिका ३२ निवासी मनोज साहको घरमा कोठा भाडा गरी बस्ने ३३ वर्षीय मनोज कुमारको कोठा खानतलासी गर्दा आइफोन २ थान, रेडमी मोबाइल ७ थान, ओप्पो ९ थान, भिभो १० थान, वन प्लस २ थान, स्यामसङ १३ थान, रियलमी २ थान, टेक्नो १० थान, टेक्नो पोभा १ थान, आइटेल १ थान, टेक्नो कमन १ थान, पोको १ थान गरी ५९ थान मोबाइल बरामद भएको भएको पर्सा प्रहरी प्रवक्ता एवं प्रहरी नायव उपरीक्षक दीपक गिरीले बताए ।

यसैगरी टाइटन घडी ११४ थान, सोनाटा ४ थान, हिलफिगर १२ थान, फास्ट ट्र्याक ५४ थान गरी १ सय ८५ थान घडी बरामद भएको हो । प्रहरीका अनुसरा भन्सार छलीका मोबाइल र घडीसहित पक्राउ परेका मनोज कुमार भारतको विहार पूर्वी चम्पारण बिसुनपुर पोस्ट अमवाका बासिन्दा छन् ।

बरामद भएको मोबाइल र घडीको बजार मूल्य करिब १९ लाख १४ हजार रुपैयाँ रहेको प्रहरीले जनाएको छ ।

# परिषद्को अध्यक्षमा झा

टुडे समाचारदाता

राजविराज । मैथिली साहित्य परिषद्को निर्वाचनमा एक बाहेक सबै पदमा अवधेश कुमार झाको प्यानल विजयी भएको छ ।



शनिबार नै मध्यराति घोषित परिणाम अनुसार अध्यक्ष पदमा २ सय ५८ मत ल्याइ झा निर्वाचित भएका छन् ।

उनका निकटतम प्रतिद्वन्दी अजय कुमार झाले २ सय ६ मतमात्र ल्याए ।

यस्तै अवेधश कै प्यानलबाट उपाध्यक्षमा राजकुमार दास, सचिवमा संजीव नारायण यादव र कोषाध्यक्षमा सोभित लाल दास निर्वाचित भएका छन् ।

सदस्यहरुमा सोही प्यानलका राजीव कुमार झा, पंकज झा, गजेन्द्र कुमार मण्डल, रविन कुमार राय, रमिला साह र अजित ठाकुर निर्वाचित भएका छन् । अध्यक्षमा पराजित अजय परिषद्को निर्वतमान सचिव छन् । अवधेश भने पहिलो पल्ट चुनावी प्रतिस्पर्धामा सहभागी भइ जीत निकाल्न सफल भएका छन् ।

पत्रकारीता पेशामा संलग्न अवधेश प्रेस मञ्चका महासचिव समेत छन् ।

कुल ८ सय १८ मतदाता रहेको परिषद् निर्वाचनमा ४ सय ७८ जनाले मतदान गरेको जिल्ला निर्वाचन समितिका संयोजक श्याम सुन्दर झाले जानकारी दिए।

# थुनुवालाई ज्याकेट वितरण

टुडे समाचारदाता

मलंगवा । सर्लाही प्रहरीले विभिन्न आरोपमा पक्राउ गरेका थुनुवाको पहिचान गर्नका लागि ज्याकेट अनिवार्य गरेको छ ।




म्याद थप तथा अदालतमा बयान गराउन जाँदा प्रहरी नियन्त्रणबाट उम्कन नदिन र भागिहालेमा पहिचान गर्न सजिलोका लागि रातो रङको ज्याकेट अनिवार्य गरिएको हो ।

जिल्ला प्रहरी कार्यालयसहित मातहतका ६१ युनिटबाट अनुसन्धानका लागि पक्राउ परेका थुनुवा भाग्न खोजे सहज तरिकाले पहिचानका लागि प्रहरीले ज्याकेट अनिवार्य गरेको प्रहरी उपरीक्षक नरेशराज सुवेदीले प्रस्ट पारे ।

मुद्दा चल्ने जिल्ला प्रहरीसहित ६ ईलाका प्रहरी कार्यालयबाट अदालतमा थुनुवा लैजाँदा ज्याकेट अनिवार्य गरेको बताए । उनका अनुसार अदालतमा थुनुवालाई हत्कडी लगाउन नमिल्ने भएकाले भिडभाडमा लुक्न सक्ने सम्भावनालाई मध्यनजर गर्दै टाढैबाट थुनुवाको पहिचान गर्न सजिलो हुन्छ ।

यसअघि जिल्ला प्रहरी कार्यालयले सेवाग्राही तथा पीडितलाई सहयोग पुग्ने उद्देश्यले मूलगेटमा भीआर टिम परिचालन गरेको थियो ।

## विपत्जन्य घटना

# पूर्वी नेपालमा वितण्डा तिनको मृत्यु २९ बेपत्ता

काठमाण्डु । लगातारकोवर्षापछिआएकोबाढी, पहिरोलगायत विपद्जन्य घटनाले पूर्वी नेपालका विभिन्न जिल्ला प्रभावित भएको छ । त्यस क्षेत्रमा ठूलो मानवीय क्षति हुने गरी विपद्जन्य घटना भएको प्रहरी प्रधान कार्यालयले जनाएको छ ।

नेपाल प्रहरीका केन्द्रीय प्रवक्ता प्रहरी नायब महानिरीक्षक कुबेर कडायतले आज साँझ दिनुभएको जानकारीअनुसार अहिलेसम्म पाँचथर, सङ्खुवासभा, ताप्लेजुङ्लगायत जिल्लामा मात्रै विपद्जन्य घटनामा परेर तीन जनाको मृत्यु भएको छ । ती घटनामा अन्य २९ जना बेपत्ता रहेका छन् । बेपत्ताहरुको खोजी जारी रहेको उहाँले बताउनुभयो । अन्य तीन जनाको भने उद्धार गरिएको छ ।

उहाँका अनुसार पाँचथरमा मात्रै एक जनाको मृत्यु र पाँच बेपत्ता छन् । जिल्लामा १२ वटा पुलमध्ये केही बगाएको र केहीमा ठूलो क्षति पुऱ्याएको छ । यस्तै, छवटा घर बगाएको र दुई जलविद्युत् आयोजनामा क्षति पुगेको छ । यस्तै, सङ्खुवासभामा भने एक जनाको मृत्यु भएको र अन्य २१ जना सम्पर्कविहीन रहेका छन् । त्यहाँबाट तीन जनाको उद्धार गरिएको पनि कडायतले बताउनुभयो ।

सङ्खुवासभामा प्रमुख जिल्ला अधिकारी शिवकुमार कार्कीले राससलाई दिनुभएको जानकारीअनुसार बेपत्ता भएकामध्ये १७ जना त्यहाँको सुपर हेवाखोला जलविद्युत् आयोजनाका कर्मचारी छन् । अन्य चारजना भने सर्वसाधारण हराइरहेका हुन् । यस्तै, ताप्लेजुङमा एकको मृत्यु र तीनजना बेपत्ता रहेका छन् । त्यहाँ नौवटा पशु चौपाय मरेको छ । इलामलगायत जिल्लाहरुमा पनि पहिरो गएको र जनजीवन प्रभावित भएको प्रहरी नायब महानिरीक्षक कडायतले बताउनुभयो । रासस

# रौतहटमा करेन्ट लागेर दुई दिनमा तीन जनाको मृत्यु

टुडे समाचारदाता

गौर । रौतहटमा करेन्ट लागेर दुई दिनयता तीन जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा जिल्लाको परोहा नगरपालिका ५ घर भएका २५ वर्षीय अबुलैस मिया कबारी, बौधीमाई नगरपालिका ५ कोपवा गाउँका ३० वर्षीय अरुण साह र २८ वर्षीय सिताबी पण्डितको मृत्यु भएको प्रहरीले जनाएको छ ।

कबारीको अत्यधिक गर्मीका कारण पंखाको तार जोड्ने क्रममा करेन्ट लागेर कबारीको ज्यान गएको हो । करेन्ट लागेर बेहोस कबारीको अस्पताल लैजाने क्रममा शनिबार राति बाटोमै मृत्यु भएको प्रहरीले जनायो ।

धारामा विद्युत् मोटर सञ्चालन गर्ने क्रममा अचानक अरुणलाई करेन्ट लागेको र उनलाई बचाउन खोज्दा पण्डितलाई पनि करेन्ट लागेर दुवै जना अचेत भएका थिए । तत्काल एम्बुलेन्सबाट दुवै जनालाई उपचारका लागि प्रादेशिक अस्पताल गौर लगिएको थियो । उपचारकै क्रममा दुवैको मृत्यु भएको हो ।

# बजेट भौतिक पूर्वाधार विकास र सामाजिक सेवालाई केन्द्रमा राखेर बन्नुपर्ने : अध्यक्ष ओली

काठमाण्डु । नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले बजेट सरकार सञ्चालन, भौतिक पूर्वाधार विकास र सामाजिक सेवालाई केन्द्रमा राखेर बन्नुपर्ने बताउनुभएको छ ।

ललितपुर, च्यासलस्थित पार्टी मुख्यालयमा आज सातै प्रदेशका एमालेबाट निर्वाचित प्रदेशसभा सदस्यहरूसँग भर्चुअल बैठकलाई सम्बोधन गर्दै उहाँले बजेटका गलत कुराहरू सच्याउन बाध्य पार्ने गरी सशक्त विरोध गर्न निर्देशन पनि दिनुभयो ।

बजेट छलफलमा भाग लिँदा विरोधका लागि विरोध नभई देशलाई नकारात्मक असर पार्ने कुराहरूलाई परिवर्तन गर्ने गरी उठाउन प्रदेशसभा सदस्यहरूलाई उहाँले आग्रह गर्नुभयो ।

पार्टी अध्यक्ष ओलीले पार्टी प्रतिपक्षमा रहेको अवस्थामा पनि सही बजेट ल्याउनका लागि सहयोग गर्न निर्देशन दिँदै भन्नुभयो, "सातै प्रदेशको प्रस्तुति सुन्दा कोशी प्रदेशबाहेक बजेट यथास्थितिमा पास गर्न लायक नरहेको देखिन्छ ।"

प्रदेशसभाको दुई तिहाइले विधिवत् ढङ्गले निर्णय गरेको कोशी नामकरणलाई लिएर झमेला निकाल्न खोजिएको बताउँदै उहाँले कोशी सभ्यतासँग जोडिएको र यसले त्यस प्रदेशलाई सम्पूर्णरूपमा समेट्ने धारणा राख्नुभयो ।

अध्यक्ष ओलीले संवैधानिक प्रक्रियाभन्दा बाहिर गएर अनुचित ढङ्गले प्रदेशको नाम परिवर्तन नहुने र साम्प्रदायिक, हिंसात्मक र अराजक गतिविधि एमालेलाई स्वीकार्य नहुने स्पष्ट पार्नुभयो ।

उहाँले कोशी प्रदेश सरकारमा देखिएको समस्या समाधान गरिने र एमाले नेतृत्वको सरकार कायम रहनेमा जोड दिनुभयो । आर्थिक वर्ष २०८०/८१ का लागि प्रदेश सरकारहरूद्वारा प्रदेशसभामा नीति, कार्यक्रम र बजेटका विषयमा पार्टी केन्द्रीय कार्यालयद्वारा आयोजित बैठकमा अध्यक्ष ओलीले सबै प्रदेशसभाका एमालेका संसदीय दलका नेताहरूको प्रस्तुति सुन्नुभयो ।

बैठकमा प्रदेशसभा नेकपा (एमाले) संसदीय दलका नेताहरूले आ-आफ्ना प्रदेशमा सरकारद्वारा प्रस्तुत नीति, कार्यक्रम र बजेटका सम्बन्धमा जानकारी गराउनुभएको थियो । उहाँहरूले बजेट देशको समग्र विकासमा नभई मुख्यमन्त्री, अर्थमन्त्री र पूर्वाधार विकासमन्त्रीको निर्वाचन क्षेत्रमा केन्द्रित रहेको जानकारी गराउनुभएको थियो ।

बैठकमा कोशी प्रदेशका मुख्यमन्त्री हिक्मत कार्कीले कोशी प्रदेशको बजेट समृद्ध प्रदेश निर्माण, दिगो विकास लक्ष्य हासिल गर्न र समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकाङ्क्षा साकार पार्न सहयोग पुऱ्याउनेमा केन्द्रित रहेको बताउनुभयो ।

उहाँले बजेटमा कृषि क्षेत्रको आधुनिकीकरण र विकास पहिलो प्राथमिकतामा राखेको र आगामी आर्थिक वर्षको आर्थिक वृद्धिदर पाँच दशमलव सात प्रतिशत हासिल गर्ने प्रक्षेपण गरिएको जानकारी गराउनुभयो ।

बैठकमा सुदूरपश्चिम प्रदेशका संसदीय दलका नेता राजेन्द्रसिंह रावल, कर्णाली प्रदेशका संसदीय दलका नेता यामलाल कँडेल, लुम्बिनी प्रदेश संसदीय दलका नेता लीला गिरी, गण्डकी प्रदेश संसदीय दलका प्रमुख सचेतक गोविन्द नेपाली, बागमती प्रदेश संसदीय दलका नेता जगन्नाथ थपलिया, मधेश प्रदेश संसदीय दलका नेता सरोज यादवले प्रदेश सरकारको नीति, कार्यक्रम र बजेटका बारेमा जानकारी गराउँदै धारणा राख्नुभएको थियो । रासस

## एमालेमा रहने गौतमको इच्छा

काठमाण्डु । नेकपा एकता राष्ट्रिय अभियानका संयोजक वामदेव गौतमले आफ्नो राजनीतिक योगदान नेकपा (एमाले) मा रहेकाले सोही पार्टीमा रहने इच्छा व्यक्त गर्नुभएको छ ।

ललितपुर, च्यासलस्थित पार्टी मुख्यालयमा आज भएको भेटमा सांसद गौतमले आफूलाई एमालेमा काम गर्ने जिम्मेवारी दिन अध्यक्ष ओलीसँग आग्रह गरेको प्रचार विभागका सचिव गगन विष्टले जानकारी दिनुभयो ।

भेटमा गौतमले आफूलाई पार्टीमा काम गर्ने जिम्मेवारी दिन अध्यक्ष ओलीसँग आग्रह गरेको जानकारी पनि विष्टले दिनुभयो । एमालेले ७० वर्ष उमेर हद हटाएपछि राष्ट्रियसभाका सदस्य गौतम पूर्वप्रधानमन्त्री ओलीलाई भेट्न पार्टी केन्द्रीय कार्यालयमा पुग्नुभएको थियो । रासस

## तपाईंको आज

पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : भ्रमण अवसर हुने । |
| वृष | : पुरस्कार प्राप्त लाभ । |
| मिथुन | : पारिवाहिक सुख । |
| कर्कट | : बौद्धिक क्षमता । |
| सिंह | : प्रतिभा सम्पन्नता । |
| कन्या | : नयाँ कार्य हुने । |
| तुला | : अवसर प्राप्त । |
| वृश्चिक | : सुख समृद्धि हुने । |
| धनु | : धन वृद्धि सञ्चय । |
| मकर | : वाद विवादबाट बच्नु । |
| कुम्भ | : शिक्षामा उन्नति । |
| मीन | : प्रेम प्रसंग, मित्र सुख । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



पहाडी जिल्लामा वर्षासँगै आएको बाढीमा सप्तकोशी नदीमा बगेर आएको काठ, दाउरा पुल क्षेत्रबाट जोखिम मोलेर झिकेपछि आइतबार घर तर्फ लाँदै स्थानीय । *तस्बिरः रासस*

# जिम्मेवार, जवाफदेही र उत्तरदायी भएर काम गरिरहेका छौँ : प्रमुख आयुक्त राई

काठमाण्डु । अख्तियार दुरुपयोग अनुसन्धान आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईले भ्रष्टाचार नियन्त्रण र सुशासन प्रवर्द्धन गर्न आयोगले जिम्मेवार, जवाफदेही र उत्तरदायी भएर काम गरिरहेको बताउनुभएको छ ।

राष्ट्रियसभा, राष्ट्रिय सरोकार तथा समन्वय समितिको आइतबारको बैठकमा उहाँले भ्रष्टाचारमुक्त र सदाचारयुक्त समाज निर्माणको दुरदृष्टि तय गरी आयोगले काम गरिरहेको बताउनुभयो । प्रमुख राईले राष्ट्रिय विकास र सार्वजनिक सेवामा जनताको सरल र सहज पहुँच स्थापित गरी भ्रष्टाचार न्यूनीकरणको लक्ष्य तथा संस्थागत सुदृढीकरण, निरोधात्मक, प्रवर्द्धनात्मक र उपचारात्मक विधिमार्फत उद्देश्य प्राप्त गर्ने प्रयास भइरहेको बताउनुभयो ।

विकास निर्माण तथा आयोजना व्यवस्थापनमा आयोग बाधक नभइ विकास निर्माणको गुणस्तर कायम गर्न सहयोग पुऱ्याउन क्रियाशील रहेको बताउँदै उहाँले राष्ट्रिय गौरवकालगायतका अन्य आयोजना समयमै गुणस्तरीयरुपमा पूरा गर्न सहयोगी हुने गरी अनुसन्धान गरिने प्रतिबद्धता जनाउनुभयो ।

सार्वजनिक जग्गा अतिक्रमण, सरकारी बजेट हिनामिना र राजस्व असुलीमा भ्रष्टाचार गर्ने तथा घुस लिने लगायतका प्रवृत्ति नियन्त्रण गर्न आयोग कटिबद्ध रहेको उहाँको भनाइ छ ।

प्रमुख आयुक्त राईले कसैप्रति पूर्वाग्रह नराखी सवैधानिक जिम्मेवारी र अधिकार प्रयोग गर्दै भ्रष्टाचार नियन्त्रणमार्फत सुशासन र समृद्धि हासिल गर्न केन्द्रित रहेको दृढता व्यक्त गर्नुभयो । उपचारत्मक रणनीति अन्तर्गत उजुरी दर्ता, छानबिन, अनुसन्धान, तहकिकात र अभियोजन तथा कानुन निर्माण, सशोधनका लागि सुझाव दिँदै आयोगले सम्वद्ध पक्षलाई जिम्मेवार बनाउने निरोधात्मक रणनीतिलाई आत्मसात गरिरहेको छ ।

प्रवर्द्धनात्मक रणनीति अन्तर्गत भ्रष्टाचार नियन्त्रण र सुशासन प्रर्वद्धनका लागि निकायगत सहकार्य, समन्वयन, छलफल, अन्तरक्रिया र प्रचारप्रसार तथा संस्थागत सुशासन कायम र आयोगको क्षमता वृद्धिका लागि रणनीति अघि बढाएको सो अवसरमा जानकारी दिइयो ।

आयोगले विश्वमा धेरै भ्रष्टाचार हुने मुलुकको सूचीमा अघिल्लो वर्ष नेपाल ३४ अङ्कका साथ ११०औं स्थानमा रहेको तथा नियमक तथा अनुगमनकारी निकायको प्रभावकारी अभिवृद्धि गर्नु र जिम्मेवारी पन्छाउने र उत्तरदायित्व वहन नगर्ने प्रवृत्तिमा सुधारको खाँचो औंल्याएको छ ।

प्रमुख आयुक्त राईले भ्रष्टाचारको रकम भुक्तानी गोष्ठी वा अरु कुनै कार्यक्रमका नाममा अन्तर्राष्ट्रिय क्षेत्रसम्म पुगेर हुने गरेको तथा विगतको जस्तो नभइ चौंथो विचौलीयासम्म पुग्ने गरेको बताउनुभयो । सङ्घ, प्रदेश र स्थानीय तह तीन वटै सरकारबाट उपभोक्ता समितिमार्फत काम गराउने सकारात्मक सोच भएपछि उपभोक्ता समिति नै बिचौलीयाका रुपमा रहेकाले औचित्यमाथि गम्भीर प्रश्न खडा गरेको आयोगको भनाइ छ। आयोगले भनेको छ, "उपभोक्ता समितिको कामप्रति सन्तोष हुने अवस्था छैन, भ्रष्टाचार धेरै बढेको छ, विकृति र छाडातन्त्रले प्रश्रय पाएकोछ, अनुशासनहितको पराकाष्ट छ।"रासस

# 'प्रणालीमा आएको समस्याका कारण पटक-पटक बिजुली काटियो'

काठमाण्डु । प्रणालीमा आएको खराबीका कारण मुलुकको केही स्थानमा बिजुली आप्रवाहमा समस्या आएको भए पनि अथक मेहनतका कारण हाल ती सबै समस्या समाधान भएको नेपाल विद्युत् प्राधिकरणले जनाएको छ ।



वर्षाको समयमा प्रणालीमा समस्या आउनु स्वाभाविक भए पनि मध्य र पश्चिम नेपालका केही जिल्लामा अस्वाभाविक जस्तो लाग्ने समस्या देखिएको प्राधिकरणका कार्यकारी निर्देशक कुलमान घिसिङले जानकारी दिनुभयो । देशव्यापी रूपमा गर्मी बढेका कारण बिजुलीको माग अत्यधिक बढेकाले पनि प्रणालीमा केही जटिलता आएको र त्यसको समाधानका लागि अनेकन प्रयास गरिएको उहाँको भनाइ छ ।

प्राधिकरणद्वारा आइतबार आयोजित पत्रकार सम्मेलनमा कार्यकारी निर्देशक घिसिङले भन्नुभयो, "प्रसारण लाइन, वितरण प्रणाली तथा सवस्टेशन निर्माणमा भइरहेको ढिलाइका कारण पनि समस्या थपिँदै गएको छ । यसको समाधानका लागि प्राधिकरण एक्लैले केही काम गर्न सक्दैन । सबैको साथ र सहयोग जरुरी छ ।"

वन क्षेत्रको जग्गा प्रयोगको स्वीकृतिका लागि वर्षौं लाग्ने गरेको यथार्थ पेस गर्दै उहाँले सरोकार भएका निकायले यो सबै काम प्राधिकरणको मात्रै हो भनेर पन्छने गरेकामा आपत्ति प्रकट गर्नुभयो । प्रसारण लाइन निर्माणमा स्थानीयवासीको अवरोध सबैभन्दा जटिल रहेको जानकारी दिँदै उहाँले मन्त्रिपरिषद्ले गरेको निर्णयसमेत वन तथा वातावरण मन्त्रालय र मातहतका निकायले कार्यान्वयन नगरिदँदा बिजुली भएर पनि दिन नसकिएको गुनासो गर्नुभयो । हेटौँडा-ढल्केबर-इनरुवा, हेटौँडा-बर्दघाट-न्यू बुटवल प्रसारण लाइन निर्माणमा वनको अवरोध कायम रहेका कारण पूर्वको बिजुली पश्चिम नेपाल लैजान नसकेको र समस्या आए पनि समाधान गर्न नसकिएको उहाँको भनाइ छ । हाल सो क्षेत्रमा एक सय ३२ केभी क्षमताको मात्रै प्रसारण लाइन सञ्चालनमा छ । निर्माणाधीन चार सय केभी क्षमताको हेटौँडा-ढल्केबर-इनरुवा प्रसारण लाइन निर्माणमा स्थानीयवासी र वनको अवरोध रहेको छ । त्यस्तै, हेटौँडा-बर्दघाट-न्यू बुटवल प्रसारण लाइनमा वन क्षेत्रको जग्गा प्रयोग र रुख कटानको स्वीकृति मन्त्रिपरिषद्ले गरेको भए पनि वनले हालसम्म निर्णय नगर्दा समस्या भोग्नुपरेको कार्यकारी निर्देशक घिसिङको भनाइ छ ।

शनिबार साँझ पूर्वी नेपालमा परेको अविरल वर्षाका कारण काबेली करिडोरको झण्डै एक सय मेगावाट बराबरको बिजुली प्रणालीमा जोडिन नसकेको उहाँले बताउनुभयो । आन्तरिक खपत बढाउने नै प्राधिकरणको प्रयास भए पनि बढी भएको बिजुली बिक्री गर्नैपर्ने बाध्यता रहेको उहाँले जानकारी दिनुभयो ।

हाल कूल जडित क्षमता दुई हजार सात सय मेगावाट भए पनि प्रणालीमा दुई हजार मेगावाट बिजुली उपलब्ध छ । साँझबिहान र गर्मीमा केही माग बढे पनि रातको समयमा बिजुली खेर जाने अवस्था आएकाले त्यसलाई व्यवस्थापन गर्न पनि भारत बिजुली निकासी गरिएको उहाँको भनाइ छ ।

देशमा बिजुली काटेर भारत निर्यात गरियो भनेर गरिएको टिप्पणी हलुका र हावादारी भएको तर्क गर्दै उहाँले खेर फाल्नुभन्दा केही कमाइ पनि हुने सोचका साथ बिक्री गरिएको कार्यकारी निर्देशक घिसिङको प्रस्ट्याइँ छ । "देशभित्र बिजुली काटेर भारत बिक्री गरियो भनेर अनावश्यक टिप्पणी गरेको पनि पाइयो । खेर फाल्नुभन्दा बिक्री गरौँ भनेर त्यसो गरिएको हो । देशभित्र उपभोग गरेर बढी भएको बिजुली मात्रै भारत पठाइएको छ" कार्यकारी निर्देशक घिसिङले भन्नुभयो, "देशभित्रै नै खपत होस् र बढोस् भनेर प्राधिकरणले अधिकतम प्रयास गरिरहेको छ । तर, रातको समयमा बढी भएको बिजुली भारत नपठाउँदा पनि खेर नै फाल्नुपर्छ ।"

उहाँले प्रसारण लाइनको अभावमा अहिले पनि टनकपुर नाकाबाट दैनिक ५० देखि ८० मेगावाट बराबरको बिजुली पश्चिम नेपालका लागि आयात भइरहेको समेत जानकारी दिनुभयो ।

चमेलिया करिडोरबाट आउने बिजुलीले मात्रै पश्चिम नेपालको माग नधान्ने भएकाले भारतबाट आयात गर्नु आफूहरूको बाध्यता रहेको उहाँको प्रस्टोक्ति छ । प्रसारण, वितरण प्रणालीको निर्माण र सवस्टेशनका लागि मात्रै रु आठ खर्ब बराबरको लगानी आवश्यक भए पनि आगामी आर्थिक वर्षका लागि सरकारले असाध्यै न्यून बजेट विनियोजन गरेकामा समेत उहाँले असन्तुष्टि व्यक्त गर्नुभयो ।

"प्राधिकरणले नाफा कमाएको छ, त्यसकारण थप लगानी गर्नुपर्दैन भन्ने सोच देखियो । यस्तो सोचले हामीलाई कहीँ पनि पुऱ्याउँदैन", उहाँले भन्नुभयो, "ठूलो लगानी चाहिएको बेला बजेट नै नदिने प्रवृत्तिले मुलुकको ऊर्जा क्षेत्रको विकासमा कुनै पनि सहयोग गर्दैन ।"

कानूनी उल्झनका कारण काम गर्न समस्या भएको जानकारी दिँदै उहाँले सरकारलाई तत्काल समस्या समाधान गरिदिनसमेत आग्रह गर्नुभयो । उहाँले एक प्रसारण लाइन निर्माणका लागि वन क्षेत्रको रुख कटानीमा सहमति भएको र प्राधिकरणले रु तीन करोड बराबरको रकम जम्मा गरेर पनि हालसम्म स्वीकृति नपाएकामा असन्तुष्टि जनाउनुभयो ।

"मन्त्रिपरिषद्को निर्णयका आधारमा सबै सहमति भयो । सबै कागजात पनि तयार भयो । हाम्रो तर्फबाट हस्ताक्षर पनि भयो । वनका अधिकारीले हस्ताक्षर गर्न मानेका छैनन् । सोही कारण प्रसारण लाइन निर्माणमा ढिलाइ भइरहेको छ", उहाँले भन्नुभयो । रासस

# नागरिक लगानी कोष र खल्तीबीच सम्झौता

काठमाण्डु । नागरिक लगानी कोष र खल्ती प्रालिबीच नागरिक लगानी कोषबाट सञ्चालन गरिएको योगदानमा आधारित नागरिक पेन्सन कोष योजनामा योगदान रकम सङ्कलनको गर्ने सम्बन्धमा सम्झौता भएको छ ।

उक्त सम्झौतापत्रमा आइतबार कोषको तर्फबाट कार्यकारी निर्देशक रमण नेपाल र खल्तीको तर्फबाट प्रमुख कार्यकारी अधिकृत विनय खड्काले हस्ताक्षर गर्नुभयो । सम्झौताले कोषबाट सञ्चालित नागरिक पेन्सन कोष योजनामा स्वदेश तथा विदेशमा रहने स्वरोजगार नेपाली नागरिकलाई आबद्ध गराइ रकम सङ्कलन गर्न सहयोग पुऱ्याउने कोषले जनाएको छ।

योसँगै आर्थिक वर्ष २०८०/८१ को बजेटमा नागरिक पेन्सन कोष योजना सञ्चालन गर्ने उल्लेख भएकाले उक्त सम्झौताले यस कार्यक्रममा थप सहयोग पुग्ने अपेक्षा गरिएको छ । रासस

# भारतीय पक्षले अनधिकृतरुपमा नेपाली भूमि जाँच गरेकोबारे छानबिन गर्न माग

काठमाण्डु । सांसद ठाकुरप्रसाद गैरेले भारतले कपिलवस्तु र लुम्बिनीलाई आफ्नो सदनमा नक्साङ्कन गरी अत्यन्तै गलत काम गरेको टिप्पणी गर्नुभएको छ ।

सङ्घीय संसद्, प्रतिनिधिसभाको आइतबारको बैठकको शून्य समयमा बोल्दै सांसद गैरेले आदिपुरुष सिनेमामा सीता भारतकी छोरी हुन् भन्ने अर्को भ्रमपूर्ण समाचार प्रवाह गर्नेसमेत गरेको भन्दै आपत्ति जनाउनुभयो । उहाँले भन्नुभयो, "सिनेमाका लेखकले नेपाल भारतकै अङ्ग हो भनेर अत्यन्त गलत अन्तर्वार्तामार्फत अभिव्यक्ति दिइरहेका छन्, नेपाल सरकार के गर्दै छ ? के भारत सुघौली सन्धिबाट पछाडि हटेको हो ? सरकार स्पष्ट हुन जरुरी छ, यदि भातरले त्यसो गर्न खोजेको हो भने नेपालको रक्षाको निम्ति जुनसुकै मूल्य चुकाउन तयार छ।" नेपालको एक इञ्च भूमि पनि कसैलाई सुम्पिन तयार नभएको भन्दै उहाँले मुलुकका लागि एकजुट हुनुपर्नेमा जोड दिनुभयो ।

सांसद डोलप्रसाद अर्यालले भारतीय पक्षले नेपालको भूमि अनधिकृतरुपमा नापजाँच गरेको विषयमाथि सत्यतथ्य छानबिन गर्न माग गर्नुभयो ।

उहाँले भन्नुभयो, "असार १ गते भारतीय टोलीले इन्डियन नेशनल हाइवेयले सर्वे गर्ने भन्दै कञ्चनपुरको भुजेलागड्डाचौकी हुँदै सुक्कासालसम्मको भू-भाग नापजाँच गरेको छ, सर्वेका सामानसहित आएका ती प्रतिनिधि प्राविधिक नेपाल प्रवेश गर्दा पनि सिमानामा सुरक्षामा खटिएका सुरक्षाले भने सुइँकोसमेत पाएनन्, के उनीहरुलाई जागिर खानका लागि मात्रै सिमानामा खटाइएको हो ?" सांसद तारा लामा तामाङले गएराति कोशी प्रदेशका विभिन्न जिल्लामा आएको बाढीका कारण २५ जना बेपत्ता भएको र धनजनको क्षतिप्रति दुःख व्यक्त गर्नुभयो । उहाँले देशैभरिका सामुदायिक विद्यालयका कर्मचारीको जायज माग सम्बोधन गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद डा तोसिमा कार्कीले कालोबजारी मौलाउँदै गएको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद दयालबहादुर शाहीले बाजुरा जिल्लामा भएको अविरल वर्षाका कारण त्यहाँका दलित समुदाय विस्थापित हुनुपरेको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो । सांसद दीलेन्द्रप्रसाद बडूले आन्दोलनरत शिक्षकका माग वार्ताका माध्यमबाट समाधान गर्नुपर्नेमा जोड दिनुभयो ।रासस


## मुखियापट्टी मुसहरनियाँ गाउँपालिका
### गाउँ कार्यपालिकाको कार्यालय
### तुलसियाही जब्दी, धनुषा
### मधेश प्रदेश, नेपाल

## वैदेशिक रोजागारीबाट फर्किएका व्यक्तिहरुको पुनः एकीकरण(रेमी) परियोजनाका लागि आवश्यक जनशक्तिहरु करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(दोस्रो पटक प्रकाशित मिति : २०८०/०३/०४ गते)**

बैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको पुनः एकीकरण (रेमी) परियोजना, नेपाल सरकार र स्वीस सरकार वीचको द्विपक्षीय सम्झौता अन्तर्गत यस गाउँपालिकामा वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिहरुको सामाजिक तथा आर्थिक पुनः एकीकरण सम्बन्धि क्रियाकलापहरू संचालना गर्नका लागि जनशक्तिको आवश्यक्ता परेको हुनाले योग्य, अनुभवी नेपाली नागरिकहरूबाट तल उल्लेखित पदका लागि यो सूचना प्रकाशित भएको मितिले ७(सात) दिन भित्र माग बमोजिमको विवरण अनुसारको निवेदन यस कार्यालयमा पेश गर्न यो सूचना प्रकाशन गरिएको छ

| क्र.स. | विज्ञापन नं. | पदनाम | तह | आवश्यक संख्या | न्युनतम योग्यता तथा अनुभव |
|---|---|---|---|---|---|
| १ | ०१/२०७९-०८० | पारिवारिक परामर्शकर्ता | छैठौ तह | १ जना | - मान्यता प्राप्त शैक्षिक संस्थाबाट मनोविज्ञान, समाजशास्त्र, सोसियल वर्क ,पब्लिक हेल्थ ,बि.एड .स्वास्थ्य शिक्षामा स्नातक तह उतीर्ण गरेको वा पोष्ट ग्राजुएट डिप्लोमामा इन काउनसेलिङ्ग वा हेल्थ असिसटेन्ट वा स्टाफ नर्स उतीर्ण गरी मनोसामाजिक परामर्श सम्बन्धी कम्तिमा ६ महिनाको तालिम प्राप्त गरेको। - सम्बन्धित विषयमा कार्य अनुभव भएको, स्थानीय भाषामा दखल भएको,कम्प्युटर सम्बन्धी ज्ञान भएको र स्थानीय वासिन्दालाइ प्राथमिकता हुनेछ। |
| २ | २/२०७९-०८० | रोजगार परामर्शकर्ता | छैठौ तह | १ जना | - मान्यता प्राप्त शैक्षिक संस्थाबाट स्नातका तह उतीर्ण गरी व्यावसायिक परामर्श कार्य वा उद्यम विकास सहजकर्ता लेभल २ वा सो भन्दा माथिल्लो लेभल पुर गरेको र रोजगार प्रवर्द्धनको क्षेत्रमा कम्तिकमा पनि १ वर्ष कार्य गरेको । - वैदेशिक रोजगारीबाट फर्केको , स्थानिय भाषामा दखल भएको र स्थानीय वासिन्दालाइ प्राथमिकता हुनेछ। |
| ३ | ३/२०७९-०८० | सामाजिक परिचालक (Outreach worker) | पाँचौ तह | २जना (१जना महिला अनिवार्य) | - मान्यता प्राप्त शैक्षिक संस्थाबाट १०+२ उतीर्ण गरी बैदेशिक रोजगारीबाट फर्केको । - स्थानीय भाषामा दखल भएको र स्थानीय बासिन्दालाइ प्राथमिकता हुनेछ। |

१. **उमेर** : विज्ञापन नं. ०१/२०७९- ०८० र २/२०७९-०८० का लागि कम्तिमा २१ वर्ष पुरा भई ४० वर्ष ननाघेको र विज्ञापन नं. ३/२०७९-०८० का लागि १८ वर्ष पुरा भइ ४० वर्ष ननाघेको।

२. **दरखात दिने स्थान** : मुखियापट्टी मुसहरनिया गाउँकार्यपालिकाको कार्यालय, तुलसियाही जब्दी, धनुषा ।(कार्यालय समयभित्र)

३. **परीक्षाको किसिम** : लिखित, अन्तरवार्ता र प्रयोगात्मक ।

४. **छनौट प्रक्रिया**: प्रारम्भिक छनौटमा परेका उम्मेदवारहरूलाई मात्र लिखित, अन्तरवार्ता र प्रयोगात्मक परीक्षामा समावेश गरिनेछ । अवसरबाट वन्चितिकरणमा परेका समुदाय खासगरी महिला, दलित, जनजाति, मधेशी तथा अल्पसंख्यक वर्गका उम्मेदवारहरूको समावेशीकरणका लागि सकारात्मक विभेदको प्रक्रिया अवलम्बन गरिनेछ।

५. **दरखात दिने अन्तिम मिति** : २०८०/३/७ (दरखास्त दिने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको भोलिपल्ट कार्यालय समयमा दरखास्त बुझाउन सकिनेछ ।)

६. **आवेदन दस्तुतर** : छैठौं तहका लागि रू. १५००/- र पाचौं तहका लागि रु. १०००/- (आवेदन दस्तुर यस पालिका स्थित प्रभु बैंक लि.को आन्तरिक राजस्व खाता नं. १४८०१३४५३१७००१४३ ग -१-१ मा बुझाउन सकिनेछ ।)

७. **आवेदन तथा संलग्न गर्नुपर्ने कागजातहरू**: आवेदक स्वयमले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपीहरू
- क. नागरिकता प्रमाणपत्रको प्रतिलिपी
- ख. न्युनतम योग्यताको लब्धांक प्रमाण पत्र
- ग. चारित्रिक प्रमाणपत्र
- घ. अनुभव खुल्ने कागजातको प्रतिलिपी
- ङ. दुई प्रति पासपोर्ट साइजको फोटो
- च. बैंक दाखिला गरेको सक्कल भौचर


८. **सेवा सुविधा**: वैदेशिक रोजगारिबाट फर्किएका व्यक्तिका लागि पुनः एकीकरण (ReMi) परियोजनाको आ.व. २०७९/०८० को स्थानीय तहबाट सञ्चालन हुने बार्षिक कार्यक्रम अनुसार ।

९. **सम्पादन गर्नुपर्ने कार्य विवरण** : वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिको पुनःएकीकरण परियोजना सञ्चालन मार्गदर्शन, २०७९ अनुसार

१०. **कार्यक्षेत्र**: यस मुखियापट्टी मुसहरनिया गाउँपालिका क्षेत्र ।

**नोट**:- आवेदनको ढाँचा र उल्लेखित पदको पाठ्यक्रम यस कार्यालयको वेवसाइट www.mukhiyapattimusaharmiyamun.gov.np बाट डाउनलोड गर्न सकिनेछ। यस सम्बन्धी थप कुरो बुझ्नु परेमा यस कार्यालयमा सम्पर्क गर्नु सकिनेछ ।

**प्रमुख प्रशासकीय अधिकृत**



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

### कपाली तमसुकलाई मान्य गर

नेपालको कानुन बमोजिम मान्यता प्राप्त कपाली तमसुकलाई नेपाल सरकारले अमान्य गरेपछि तत्कालीन कानुन बमोजिम लेनदेन गरिएको अर्बौं रुपैयाँ डुब्न लागेको छ । सरकारले मिटर ब्याजीले सामान्य नागरिकलाई दुख दिएको भन्दै पीडित भनिएकाहरुको पक्षमा एकतर्फी कानुन ल्याउँदा सामाजिक स्तरमा कपाली तमसुकको आधारमा भएको लेनदेन डुब्ने भएकोछ ।विगतमा कपाली तमसुकको आधारमा भएका लेनदेनलाई वडा अथवा पालिकाबाट प्रमाणित गराउनुपर्ने बाध्यात्मक प्रावधानसहितको कानुन सरकारले बनाएको छ । वडा र पालिकालाई तमसुक प्रमाणित गर्ने अधिकार दिए पनि त्यो निकायले प्रमाणित गर्न चाहेको छैन् । केही वडा अध्यक्ष अथवा पालिकाले आफ्ना निकटका धनीको तमसुक प्रमाणित गरेपनि समान्यतः प्रमाणित गर्न मान्दैनन् । प्रमाणित नभएका तमसुकलाई अदालतले मान्यता दिदैनन् । लेनदेन सम्बन्धी केही मुद्दामा अदालतले संशोधित ऐन अनुसार प्रमाणित गराइ मात्र पेश गर्न आदेश दिएको छ । यसले सामाजिक रुपमा कपाली तमसुक बनाएर लेनदेन गर्नेहरुको अर्बौं रुपैयाँ सरकारले डुबाउन लागेको छ । सरकारले कपाली तमसुकलाई अहिलेको अवस्थामा बदर गरिदिएको छ । कपाली तमसुकको आधारमा गरिएको लेनदेन भरिभराउ गर्न सरकारले कानुनमै व्यवस्था गर्नुपर्थ्यो । तर कानुनमा व्यवस्था नगरी सरकारले कपाली तमसुक बनाएर गरिएको लेनदेन सोझै डुबाइदिने कानुन बनाएको छ । मिटर ब्याजी धन्धा देशको संघीय राजधानी काठमाण्डुलगायतका ठूला शहर बजारहरुमा हुने गरेको छ । ठूला शहर बजारमा मिटर ब्याजको धन्धा भए पनि गाउँघरमा सामाजिक स्तरबाट हुने लेनदेनमा वार्षिक सवाइ दर ब्याज राखिएको हुन्छ । सामाजिक स्तरमा कपाली तमसुक बनाएर हुने लेनदेनमा कुनै धितो जमानी हुँदैन् । कुनै प्रकारको सेवा शुल्कहरु लाग्दैन् ।समान्यतः वार्षिक २५ प्रतिशत ब्याज साहुले लिने गर्छन् । सहकारी र लघुवित कम्पनीहरुले गर्ने लगानीको ब्याज पनि सामाजिक स्तरमा हुने लेनदेन भन्दा बढी नै हुन्छ । सरकारको निर्णयले सामाजिक रुपमा कपाली तमसुक बनाएर हुने लेनदेन बन्द गरेपछि गाउँघरमा कतिपयले आर्थिक अभावमा उपचार गराउन सकिरहेका छैनन् । कतिपयले विदेश जान पाएका छैनन् । कतिपयलाई छोराछोरीहरुका लागि विद्यालयको शुल्क भर्न समस्या भएको छ । कतिपयले छोरीको विवाहलाई स्थगित गरेका छन् । खासगरी मध्यम र विपन्न परिवार सामाजिक लेनदेन रोकिएपछि बढी प्रभावित भएका छन् । कतिपय मध्यम वर्गिय र विपन्नले सामाजिक स्तरमा ऋण लिइ जग्गा जमीनसमेत खरिद गरिरहेका थिए । तर अहिले ती सबै बन्द भएको छ । गाउँमा लेनदेन सम्पूर्ण रुपमा रोकिएको छ । जसकारण सामाजिक स्तरमा कयौं समस्याहरु देखिएका छन् । सरकारले लेनदेन सम्बन्धी कानुनमा संशोधन गरी विगतमा बनाइएका कपाली तमसुकलाई मान्यता दिनु आवश्यक छ । पुराना कपाली तमसुक र त्यसपछि वडा कार्यालय अथवा पालिकामा प्रमाणित गरिएको कागजातलाई सरकारले मान्य गर्नुपर्छ ।

# अचम्भ लाग्दो लोकविश्वास



हिमांशु चौधरी

धनुषा जिल्लाको खडका गाउँमा एउटा चराले गाउँबासीलाई लखेटेर टोक्ने गरेको छ । चरामा कुनै मृतकको आत्मा भएको विश्वासले पूजापाठ , भगता , धामीलाई अनुनय गर्ने गाउँबासीको दिनचर्या बनेको छ । बगैचामा जाने बित्तिकै चराले टोक्ने आतंकको माहोललाई साम्य पार्ने उपायको खोजी भन्दा पनि लोकविश्वासलाई मलजल दिन गाउँबासी उद्यत छन् । त्यस्तै जनकपुरधाम उपमहानगरपालिका वडा नं २ का एक महिलालाई छातीमा घाउ निस्किदा वडावासीले अग्निवाण भन्दै धामी कहाँ झारफुक गराउन सल्लाह दिंदै. आएका छनु ।उनी झारफुकले सन्चो हुने विश्वासमा एक महिना बिताइ सकेकी छन् । यस्तै परिवेश , संरचना र चेतनाको भावभूमिमा नियाँल्दा पूर्वकालदेखि धर्म , संस्कृति , जीवनशैली र जीवनका अवस्थामा आएको विकृतिले धामी झाँक्री , टुनामुना , भूत-प्रेत र बोक्सीजस्ता लोकविश्वासमा वृद्धि भइ यहाँको जीवाणुमा प्रवेश गरेको पाइन्छ । मर्द बरूआर रहैत छैक त बेटा होइत छैक , मौगी जबद्गर भेल त बेटी जन्म लैत छैक (पुरूष बलियो भयो भने छोरा जन्मिन्छ , महिला कमजोर भएमा छोरी जन्मिन्छे ) जस्ता अन्धविश्वास पनि त्यही कारकतत्वद्वारा कालक्रममा परिपोषण हुँदै आएको देखिन्छ ।

शिशुको जन्मपछि सोइरी घरको अगाडि छठिहार नभएसम्म आगो बाल्ने ,छालाको जुत्ता , जामुनको हांगा झुण्डयाउने ,नवजात शिशुलाई दूध खुवाउनुभन्दा पहिला आमाले आफ्नो दूध दुई थोपा भूमिमा अथवा सोइरी घरमा राखेको आगोमा राखेपछि आफ्नो वक्षलाई तीन पटक थू थू थू गरे पछि मात्र खुवाउने , शिशु रुन थाल्दा , नसुतेको र रोएको रोयै गरेमा सुकैको खुर्सानी, ज्वानो , तोरी , सरस्युँ लिएर शिशुको टाउकाको चारैतर्फ कमशः तीन पटक घुमाएर ती सामग्री आगोमा जलाउने,कुदृष्टिबाट बचाउन शिशुको आँखामा गाजल लगाउने ,मस्तकमा कालो टीका लगाउन प्रेरित गर्ने विश्वास पाइन्छ ।

अनिकालको सम्भावना देखिएमा भ्यागुतो बिहे गराउने, दिउँसै दियो बालेर भकारीमा राख्ने गरेको पनि देखिन्छ ।कोबोक्सीले गर्भमै बच्चा खाइहाल्ने , निसन्तान बनाइ दिने , किचकिन्नीले सुन्दर युवकलाई एकान्तमा देखेमा जीवित युवतीको रूपमा युवकलाई मोहित गरी युवकसँग रतिक्रीडा गराइ युवकलाई मार्ने जस्ता लोकविश्वास पनि रहेको छ । यहाँको रांके भूतले रातिमा खेत खलियानमा रांको लिइ डुल्दै रहन्छ ,मान्छेलाई देखेमा मान्छेसँग खेतमा माटो ढुवानी गराइ मार्ने गरेको लोकविश्वास पनि विद्यमान छ ।गर्भवती स्त्रीको मृत्यु भएमा प्रेतिनी हुन्छिन र घरमा नयाँ जन्म लिएको शिशुलाई दुःख दिइ मार्ने गरेको , ब्राह्मणको असामयिक मृत्यु भएमा ब्रह्म् पिचाँस हुन्छ र कुमारीको मृत्यु भएमा देवी हुने विश्वास पाइन्छ ।पानीमा डुबेर मर्ने पनिडुब्बा भइहाल्छ , प्रेत ताडको रूखझैं लामो हुन्छ , सेतो लगाइ कहिले कुकुर त कहिले बिरालोका रूपमा मान्छेलाई तर्साउने गरेको प्रसङ्ग पनि बुढापाकाले सूनाउने गरेका छन् ।

भूतहहरू रूखको हाँगामा पिंग खेल्ने गरेको , आधा रातिमै विहान भएको भ्रम उत्पन्न गर्ने गरेको , बोक्सीले बोक्सी विद्या हासिल गर्न पति वा छोरालाई मारेर गुरूलाई खुशी पार्ने गरेको विश्वाास व्याप्त छ ।बोक्सी विद्या हासिल गर्ने सन्दर्भमा गुरूले प्रश्न गर्छिन,“ मन्त्र सिकेपछि मलाई घरको बरेडी वा बीचको खम्भा ( बोक्सी विद्यामा बरेडी भनेको पति र खम्भा भनेको छोरा ) मध्ये कसलाई दिन्छौ.।” बोक्सी अमावस्या र दशैंको राति मान्छेको खप्परमा खीर पकाएर श्मसानमा नाङ्गै नाच्ने गरेको , गाडिएको शिशुको लाश खाल्डोबाट निकालेर मन्त्रले जीवित पार्दै तेल र गाजल लगाइ खेलाउँछ र घर फर्किने बेलामा पुनः शिशुलाई मारेर खाल्डोमा गाडने गरेको बखत कसैले देख्यो भने बोक्सीले ,“ घुरि ताक , घुरि ताक ( फर्कि हेर , फर्कि हेर ) ” भनि कराउछे । यदि त्यो व्यक्ति बोक्सीतिर फर्कियो भने त्यसको मृत्यु हुन्छ ।

घरमा बोक्सी आइन भने सियोधागोको नाम लिएमा बोक्सी भाग्ने गरेको र बोक्सी श्मसान जान नपाउन र मन्त्रको प्रयोग गर्न नपाउन भनेर रातिमा झिझिया नाचको आयेजना समेत गरिन्छ । बोक्सीले चौबाटोमा कुभिण्डोको बलि दिइ अरहुलको फूल , सिन्दुर , गाजल , टीका , सियोधागो राखी पूजा गर्छ र त्यो चौबाटोबाट हिडदा मान्छे को मृत्यु हुने गरेको लोकविश्वास पनि पाइन्छ । यस क्षेत्रमा अतिमानवीय तत्वसंग सम्बन्धित लोकविश्वासका साथै टुनामुना पनि छ जसको कुनै वैज्ञानिक आधार छैन । सोमध्ये कुकुरलाई मलत्याग गरिरहेको अवस्थामा हेरेमा आनो हुन्छ , ढाड र पिठयूँ दुखेमा उल्टो जन्मेको व्यक्तिलाई स्पर्श गर्न लगाउने चलन अधिक देखिएको छ । कसैको टुप्पो काटेर गाडियो भने त्यो व्यक्ति त्यही बसेको बसे गर्छ , वर्षायाममा गोरो मान्छे चिप्लियो भने मौसममा सुधार हुने ,विषालु सर्पको दंशमा धामीद्वारा मुल्तानी माटोले झारफुक गर्ने , उल्कापात हेरेमा अनिष्ट हुने विश्वाससमेत पाइन्छ । मैथिली लोक साहित्यमा लोक विश्वासप्रति अगाध विश्वास व्यक्त गरिएको छ । यस सम्बन्धमा डाक वचनमा उल्लेख गरिएका :केही हरफहरु यस्तो पनि रहेको छ :

*केओ पूछए जे जाएब कतए*
*भेल काज विनाशाय ततए*
......................................
*आकाशक छिक जे नर जाए*
*पलटि अन्न मन्दिर नहि खाए*
......................................
*भरती सँ खाली भला*
*जौं जल भरने जाए*
*यात्रा अति सुख दाए*
......................................
*मंगलक उषा बुधक प्रात*
*यात्रा करी डाकक बात*
......................................
*एक राशि छौ गरहक भोग*
*ताहि वर्ष बहु पीडा रोग.........।*

**यस्तै शिशुहरुलाई टुनामुनाबाट रक्षा सन्दर्भमा गीत गाइने चलन पनि रहृको छ :**

*आको चाको दिया बारो*
*सय देवता मीलि बौआ राखो*
*जे बाबूके हेरे डीठ्ठी*
*तनिका देवनि भेला रीठ्ठी*
*बाल भैरव रक्षा करे सोनाक दीप पाटक बाती*
*बौआ सुतए सुखक राती*
*हंसनी खेलनी आगू आउ*
*कननी खिजनी पाछू जाउ ।*

उल्कापात हेरेमा पांचवटा फल , पांचवटा ब्राह्मणको नाम उच्चारण गरेमा अनिष्टबाट मुक्ति पाइने विश्वास पनि देखिएको छ ।हुटीटांय करायो भने अशुभ हुने , माउसुली करायो भने सोचेको कुरा पूरा हुने , घरेडीमा स्याल करायो भने भावी घटनाको सूचक मानिन्छ । मूलतः बोक्सी , तन्त्रमन्त्रमा विश्वास विभिन्न स्थानको अतिमानवीय तत्वमाथि विश्वासको सम्मिलित परिणाम हो । यात्राको क्रममा बिरालो , स्याल , न्याउली मुसाले बाटो काट् यो भने यात्रा दुःखद हुने घटना कतिपय सन्दर्भले प्रमाणित भएको बुढापाकाको दाबीले यसकृ शोध आवश्यक छ । धामी , झाँक्री , टुनामुना , रांके , भूतप्रेत , बोक्सीजस्ता लोकविश्वास बुद्धिजीविद्वारा उब्जाइएको समस्या हो र रांके भूत गाडिएको लाशबाट निस्केको एक प्रकारको ग्यास भएको धारणा पनि पाइन्छ । यसको पृष्ठभूमिमा कतिपय जानकारले अशिक्ष , गरिबी , वैज्ञानिक र प्रीविधिक विकासको अभाव , दमित मनोभावजन्य तनाव , बदलाको भावना , सामाजिक घृणा र आक्रोश लोकविश्वासको कारकतत्व मानेका छनु ।अहिलेसम्म प्राप्त जानकारी अनुसार बोक्सी विरूद्ध सबैभन्दा पहिला प्राचीन स्पेन र गाउलमा कानुनको निर्माण भयो । चार्ल म्याग्ने र अन्य शासकहरू बोक्सी कर्मको निन्दा गर्दै यसलाई अन्धविश्वास ठहर गरी यसप्रकारको क्रियाकलापमा संलग्न व्यक्तिलाई मृत्युदण्डसम्म दिने व्यवस्था गरेको पाइन्छ ।

लोकविश्वास सम्बन्धमा कुनै उल्लेखनीय शोध भएको छैन । यस क्षेत्रमा बोक्सीको आरोप लगाइ महिलालाई यातना दिइएको विरोधमा केही प्रयास भएको छ । महोत्तरी जिल्लाको सिमरदहीकाण्ड अन्तर ष्ट्रिय मुद्धा बनेर मरनी देवी सञ्चार जगतमा प्रमुखता प्राप्त गरिन , यसबाट जनचेतनामा केही वृद्धि भएको देखिन्छ ।त्यस्तै धामी , झाँक्री , टुनामुना , भूतप्रेत , बोक्सीको कुनै मौलिक आधार नभएकाले भ्रम मात्र हो भन्ने कुरा विस्तारै-विस्तारै प्रमाणित हुँदै आएको देखिएको छ ।

तापनि अक्षता फूलले क्यान्सरसम्मको उपचार गरी निको पारेको दावी गर्ने तान्त्रिकले जनतालाई लुट्दै ज्यानसम्म लिने घटनामा कमी आएको छैन् । मैथिल संस्कृति अन्तर्गत मधुश्रावणी पर्वमा बत्तीले पोलेपछि जति ठूलो फोंका निस्किन्छ त्यक्तिनै दुलही भाग्यशाली हुने लोकविश्वास पनि पाइन्छ । अनेकौं प्रसंगमा यस्ता विश्वासले मानवको स्वास्थ्य र जीवन शैलीमा महत्वपूर्ण प्रभाव पारेको छ ।सांस्कृतिक परम्परा नदी झैं प्रवाहशील र देशकाल पात्र अनुसार रूपान्तरण हुन नसकेमा सांस्कृतिक प्रगति नै अवरूद्ध हुन्छ , त्यसकारण असामयिक अन्धानुकरणप्रति विचार गर्नु जरूरी छ ।

> ***लोकविश्वास सम्बन्धमा कुनै उल्लेखनीय शोध भएको छैन । यस क्षेत्रमा बोक्सीको आरोप लगाइ महिलालाई यातना दिइएको विरोधमा केही प्रयास भएको छ । महोत्तरी जिल्लाको सिमरदहीकाण्ड अन्तर्राष्ट्रिय मुद्धा बनेर मरनी देवी सञ्चार जगतमा प्रमुखता प्राप्त गरिन , यसबाट जनचेतनामा केही वृद्धि भएको देखिन्छ ।त्यस्तै धामी , झाँक्री , टुनामुना , भूतप्रेत , बोक्सीको कुनै मौलिक आधार नभएकाले भ्रम मात्र हो भन्ने कुरा विस्तारै-विस्तारै प्रमाणित हुँदै आएको देखिएको छ । तापनि अक्षता फूलले क्यान्सरसम्मको उपचार गरी निको पारेको दावी गर्ने तान्त्रिकले जनतालाई लुट्दै ज्यानसम्म लिने घटनामा कमी आएको छैन् । मैथिल संस्कृति अन्तर्गत मधुश्रावणी पर्वमा बत्तीले पोलेपछि जति ठूलो फोंका निस्किन्छ त्यक्तिनै दुलही भाग्यशाली हुने लोकविश्वास पनि पाइन्छ ।***

# निष्पक्षताको कडीमा लोक सेवा आयोग



महेन्द्रप्रसाद गुरागाईँ

नेपालमा नेपाल सरकार अन्तरिम शासन विधान, २००७ ले सरकारको भर्ना निकाय र निजामती कर्मचारीहरूलाई विभागीय कारबाहीको लागि परामर्श उपलब्ध गराउने निकायको रूपमा लोक सेवा आयोगको व्यवस्था गरेबमोजिम २००८ असार १ गते आयोगको स्थापना भएको हो । नेपालमा त्यसपछि जारी भएका सबै संविधानहरूले आयोगको व्यवस्थालाई निरन्तरता दिएका छन् । यद्यपि, आयोगको भूमिकामा भने जारी संविधानहरूमा थपघट भएको पाइन्छ । नेपाल अधिराज्यको संविधान, २०१५ ले निजामती कर्मचारीहरूको सेवा शर्तसम्बन्धी कानुनअनुसार परामर्श उपलब्ध गराउने तथा नेपालको संविधान, २०१९ ले सरकारको स्वामित्वमा भएका सङ्गठित संस्थाहरूलाई समेत परामर्श उपलब्ध गराउने गरी जिम्मेवारी थप गरेको थियो । २०१९ सालमा जारी संविधानले व्यवस्था गरेका नेपाल अधिराज्यको संविधान, २०४७ मा भने सङ्गठित संस्थाहरूलाई परामर्श दिनेसम्बन्धी व्यवस्थालाई निरन्तरता दिइएको थिएन ।

नेपालको अन्तरिम संविधान, २०६३ ले सुरक्षा निकाय र अन्य सरकारी सेवामा नियुक्ति र बढुवा गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तका सम्बन्धमा लोक सेवा आयोगको परामर्श लिनुपर्ने व्यवस्था गरियो भने नेपालको वर्तमान संविधानले आयोगलाई सुरक्षा निकायहरू र ५० प्रतिशतभन्दा बढी सरकारी स्वामित्व भएका सङ्गठित संस्थाहरूको निमित्त उपयुक्त उम्मेदवार छनोटको लागि लिखित परीक्षा लिने र त्यस्ता संस्थाहरूको कर्मचारी प्रशासनसम्बन्धी सिद्धान्त एवं नीति-नियम बनाउने कार्यमा परामर्श दिने कार्यादेश थप गरेको छ । हाल वर्तमान संविधानद्वारा प्रदत्त काम, कर्तव्य र जिम्मेवारी आयोगले वहन गरिरहेको छ । नेपालको संविधानले निजामती सेवाको पदमा नियुक्तिका लागि उपयुक्त उम्मेदवार छनोट गर्न परीक्षा सञ्चालन गर्नु आयोगको कर्तव्य तोकिएको छ । यस्तै नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल तथा अन्य सङ्घीय सरकारी सेवा र सङ्गठित संस्थाको पदमा पदपूर्तिका लागि लिइने लिखित परीक्षा सञ्चालन गर्ने, नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल, नेपाल, अन्य सङ्घीय सरकारी सेवाका पदमा बढुवा गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा लोक सेवा आयोगको परामर्श लिनुपर्ने तथा सङ्गठित संस्थाको सेवाका कर्मचारीको सेवाका शर्तसम्बन्धी कानुन र त्यस्तो सेवाका पदमा बढुवा र विभागीय कारबाही गर्दा अपनाउनुपर्ने सामान्य सिद्धान्तको विषयमा लोक सेवा आयोगको परामर्श लिनुपर्ने व्यवस्था छ । यसका अलावा लोक सेवा आयोगको परामर्श लिनुपर्ने अन्य विषयहरूसमेत समावेश गरी नेपाल सरकारबाट निवृत्तीभरण पाउने पदमा लोक सेवा आयोगको परामर्शबिना स्थायी नियुक्ति नगरिने सुनिश्चितता संविधानले गरेको छ ।

लोक सेवा आयोगका कामहरू र तिनको सञ्चालन लोक सेवा आयोग ऐन, २०७९, लोक सेवा आयोग नियमावली, २०७९ र अन्य कार्य सञ्चालन कार्यविधि र निर्देशिकाहरूमा उल्लेख गरिएबमोजिम हुँदै आएका छन् । परिवर्तित वातावरणअनुरूप सान्दर्भिक र प्रभावकारी हुने गरी आयोगको संरचना र भूमिकामा सात दशकदेखि सुधार गरिँदै आएको छ ।

आयोगले आफ्नो स्थापनाकालदेखि नै निष्पक्षता, स्वच्छ, विश्वसनीय र स्थिररूपमा काम गर्दै आएको छ । सङ्घीय संरचनामा रहेका विभिन्न सुरक्षा निकायहरू तथा सङ्गठित सार्वजनिक संस्थाहरूमा सेवा दिनुपर्ने गरी यसको यस आयोगको कार्यक्षेत्रमा व्यापक विस्तार गरिएको छ । यस अर्थमा राज्यको संरचनामा संविधान निर्माणकर्ता एवं यसका सरोकारवाला एवं सेवाग्राही संस्थाहरूबाट यस आयोगलाई बढी विश्वास र भरोसा गरिएको पाइन्छ ।

आयोगको स्थापनादेखि हालसम्मको अवस्थामा आइपुग्दा आयोगले उम्मेदवार छनोटका विभिन्न परीक्षण विधिहरूको अवलम्बन गर्दै आवश्यक परिमार्जनका साथ अगाडि बढिरहेको छ । आयोगको दरखास्त प्रणाली अनलाइन भएको छ । उम्मेदवार छनोटका लागि परीक्षा लिने काम तथा तिनको नतिजा प्रकाशन गर्ने समेतका कार्य पूर्व प्रकाशित वार्षिक क्यालेण्डरअनुसार हुने गरेको छ । आयोगले रिक्त पदमा उम्मेदवारहरूको छनोटको लागि पदको सेवा/समूह प्रकृति र श्रेणी एवं सङ्गठनको कार्य प्रकृतिअनुरूप विभिन्न परीक्षण विधि र प्रक्रिया अवलम्बन गर्दै आएको छ । यस्तै उच्च तहका पदहरूमा उम्मेदवार छनोटका लागि लिखित परीक्षाका उत्तरपुस्तिकालाई दोहोरो परीक्षण (दुई जना विज्ञबाट परीक्षण गराइने) को व्यवस्था, विज्ञहरूको रोष्टर विस्तार, विज्ञहरूलाई अभिमुखीकरण गर्ने व्यवस्था, राजपत्र अनङ्कित प्राविधिक पदको निमित्त विषयगत लिखित परीक्षाको व्यवस्था, वस्तुगत परीक्षामा ओ.एम.आर. प्रविधिको प्रयोग जस्ता विभिन्न सुधारका प्रयासहरू निरन्तर भइरहेका छन् ।

लोक सेवा आयोगले निजामती तथा सार्वजनिक सेवाका विभिन्न पदहरूमा पदपूर्तिसम्बन्धी क्रियाकलापहरूको वार्षिक कार्यतालिका सम्बन्धित आर्थिक वर्षको पहिलो दिन अर्थात प्रत्येक वर्षको श्रावण १ गते आयोगको वेवसाइट धधध.उकअ.नयख.लउ मा सार्वजनिक गर्दछ । सामान्यतया आयोगका पदपूर्तिसम्बन्धी काम कारबाहीहरू सोही कार्यतालिकामा आधारित भई सञ्चालन हुन्छन् । यस्तै आयोगले आयोगको वेवसाइटमा सबै सेवा समूहको पदअनुसार आवश्यक पर्ने योग्यता तथा सो पदको परीक्षाको पाठ्यक्रम समेत प्रकाशन गर्ने गरेको छ ।

यसरी माथि उल्लेख भएअनुसार नेपालको संविधानले लोक सेवा आयोगलाई दिएको भूमिका निष्पक्षरूपमा निर्वाह गर्न हालसम्म आयोग सफल रहेको छ । यसका पछाडि थुप्रै कारकतत्व रहेका छन् । आयोगले पदपूर्तिका सम्बन्धमा योग्यताको सिद्धान्त अवलम्बन गरी आयोगबाट सञ्चालन हुने परीक्षाहरूमा उच्चतम अङ्क प्राप्त गरी अग्रस्थानमा रहेका उम्मेदवारलाई नियुक्तिको लागि सिफारिस गर्दछ । सम्बन्धित पदको कार्यसम्पादन गर्न आवश्यक पर्ने ज्ञान, सीप, मनोभाव आदिको परीक्षण गर्ने गरी पाठ्यक्रम निर्माण हुने र सोही पाठ्यक्रमबमोजिम परीक्षा सञ्चालन हुने हुँदा नियुक्तिका लागि सिफारिस हुने उम्मेदवार सो पदको कार्यसम्पादनका लागि क्षमतावान हुने विश्वास गरिन्छ । यसैगरी उम्मेदवारको छनोट प्रक्रियामा आयोगले निष्पक्षताको सिद्धान्त, स्वच्छताको सिद्धान्त, समान अवसरको सिद्धान्त, समावेशीताको सिद्धान्त, परिचय-शून्यताको सिद्धान्त, गोपनीयताको सिद्धान्तजस्ता विभिन्न सिद्धान्त अवलम्बन गर्ने व्यवस्था मिलाएको छ । योग्यता, निष्पक्षता, स्वच्छता आयोगको मूल्य-मान्यता रहिआएको छ । नेपालको संविधानमा उल्लिखित लोक सेवा आयोगका संवैधानिक अधिकारहरूको प्रचलनको लागि आयोगले आफ्नो कार्यसम्पादनको सिलसिलामा हाल प्रयोग गर्दै आएका मुख्य कानुनी व्यवस्थामा नेपालको संविधान, लोक सेवा आयोग ऐन, २०७९ तथा लोक सेवा आयोग नियमावली, २०७९ तथा लोक सेवा आयोग (कार्य सञ्चालन) निर्देशिकाहरूको अतिरिक्त निजामती सेवा ऐन, २०४९ तथा निजामती सेवा नियमावली, २०५०, नेपाल स्वास्थ्य सेवा ऐन, २०५३ तथा नेपाल स्वास्थ्य सेवा नियमावली, २०५५, व्यवस्थापिका-संसद् सचिवालयसम्बन्धी ऐन, २०६४, व्यवस्थापिका-संसद सचिवालय कर्मचारी प्रशासन नियमावली, २०६५, विभिन्न सेवा, समूह सञ्चालनसम्बन्धी प्रचलित ऐन र नियमावलीहरू तथा सङ्गठित संस्थाका कर्मचारीका सेवाका शर्तसम्बन्धी कानुन, बढुवा र विभागीय कारबाहीसम्बन्धी सामान्य सिद्धान्त, २०७४, सुरक्षा निकाय तथा सङ्गठित संस्थाहरूसँग सम्बन्धित ऐन, नियम, विनियमावलीहरू आदि पनि रहेका छन् ।

आयोगले प्रचलित कानुनका आधारमा आफ्ना काम कारबाही अगाडि बढाउने र आयोगको लामो अवधिको काम कारबाहीको अनुभवका आधारमा आयोगले परीक्षा पद्दतिमा निष्पक्षता कायम गर्न नेपालको संविधान, लोक सेवा आयोग ऐन तथा नियमावलीका व्यवस्थाका आधारमा विभिन्न प्रक्रियागत व्यवस्थाहरू आयोगको कार्य सञ्चालन निर्देशिकामा निर्दिष्ट गरेको छ । आयोगले निर्देशिकामा प्रचलित कानुनबमोजिम प्रतिशत निर्धारण, दरखास्त सङ्कलन र स्वीकृति, प्रश्नपत्र निर्माण र परिमार्जन, लिखित परीक्षा सञ्चालन, उत्तर पुस्तिकामा सङ्केत राख्ने विधि, लिखित नतिजा प्रकाशन, अन्तर्वार्ता पूर्वका अन्य परीक्षा सञ्चालन, अन्तर्वार्ता र सिफारिसलगायतका कार्यविधिगत व्यवस्थाहरू समेटेको छ । यी व्यवस्थाहरू आयोगले अवलम्बन गरी आएका सिद्धान्तमा आधारित र यति वैज्ञानिक छन् कि कसैले पनि निष्पक्षतालाई दखल पुग्ने कुनै पनि काम कारबाही चाहेर पनि गर्न सक्दैन । आयोगले परीक्षासँग सम्बन्धित सबै कार्य नियन्त्रण र सन्तुलनको पर्याप्त व्यवस्था गरेको छ । काम कारबाहीका सिलसिलामा कुनै कैफियत हुनसक्ने शङ्का मात्र उत्पन्न भएमा पनि तत्काल आयोगमा आवश्यक छलफल गरी त्यसको उपचार विधिको तय आयोगबाट हुने गरेको छ । यसले गर्दा नै आयोगको काम कारबाही हालसम्म निष्पक्ष हुनसकेको हो भनी भन्न सकिने अवस्था सिर्जना हुनसकेको हो ।

आयोगले मागको सङ्कलन भएपछि प्रचलित कानुनबमोजिम प्रतिशत निर्धारण गर्दा आयोगले तयार गरेको सूत्रका आधारमा माग प्राप्त भएको मितिका आधारमा गर्ने गरिएको छ । विज्ञापित पदको पाठ्यक्रम निर्धारणलगायत आयोगका अन्य जुनसुकै कार्यसम्पादन गर्दा विज्ञ सेवा लिने गरिएको छ । पूर्वप्रकाशित वार्षिक कार्यतालिकाबमोजिम निर्धारित मितिमा अनिवार्यरूपमा विज्ञापन प्रकाशन हुन्छ । विज्ञापनमा निर्धारित समयमा परीक्षा सञ्चालन गरिन्छ ।

लिखित परीक्षा सम्पन्न भएपछि दोहोरो सङ्केत (कोड) लगाउने व्यवस्था छ । पहिलो र दोस्रो कोड आयोगका सचिवले तोकेको फरक-फरक कर्मचारीबाट गराउने व्यवस्था छ । दोस्रो कोडको आधारमा उत्तरपुस्तिका परीक्षण गराइन्छ र सोही कोडका आधारमा नै लिखित परीक्षाको अन्तिम नतिजा स्वीकृत भएपछि मात्र डिकोड गरिन्छ अर्थात् लिखित परीक्षाको नतिजा हुँदासम्म कुन उम्मेदवार हो भन्ने नाम थाहा नहुँदै नतिजा तयार हुन्छ र उत्तीर्ण उम्मेदवारको मात्र डिकोड हुन्छ । नतिजामा समावेश भएका उम्मेदवारबाहेक अन्य उम्मेदवार को हुन् भन्ने जानकारी नतिजा तयारीमा बस्ने कर्मचारीले समेत थाहा नपाउने व्यवस्था मिलाइएको छ । उम्मेदवारले लिखित परीक्षामा प्राप्त गरेको अङ्क कोडमा नै राखिन्छ । यसले गर्दा लिखित परीक्षाको नतिजाको सूचना प्रकाशन गर्ने कर्मचारीले ती उम्मेदवारले कति अङ्क ल्याएर लिखित परीक्षाबाट छनोट भएका हुन् भनेर थाहा पाउन सक्दैनन् किनभने यी हरेक कामका लागि अलग-अलग कर्मचारीलाई जिम्मेवारी दिइएको हुन्छ । अन्तर्वार्ता परीक्षा सम्पन्न भएपछि अन्तिम सिफारिस नतिजा प्रकाशनका समयमा मात्र डिकोड गरी योग्यताक्रम अनुसार सिफारिस गर्ने व्यवस्था रहेको छ ।

आयोगले निष्पक्षताका लागि काठमाडौं बाहिरका कार्यालयका राजपत्र अनङ्कित पदको विज्ञापनको एउटा कोड राख्ने कार्य केन्द्रीय कार्यालयबाट गराई परीक्षा गर्ने कार्यालयबाहेक केन्द्रीय कार्यालयले तोकेको अन्य कार्यालयबाट गराउने व्यवस्था छ । लिखित परीक्षा तथा अन्तर्वार्तामा केन्द्रीय कार्यालयबाट केन्द्रीय प्रतिनिधि खटाई केन्द्रीय प्रतिनिधिको रोहवरमा परीक्षासम्बन्धी कार्यसम्पादन गर्ने व्यवस्था मिलाइएको छ । प्रत्येक अन्तर्वार्तामा विषय विज्ञ वा कुनै एक सदस्य बाहिरबाट लिने व्यवस्था गरी अन्तर्वार्ता सञ्चालन हुन्छ । अन्तर्वार्तामा मापदण्डमा निर्धारण गरेबमोजिम एकापसमा सल्लाह नगरी स्वतन्त्ररूपमा अङ्क दिइन्छ ।

अन्तर्वार्तामा बस्ने प्रत्येक सदस्यको अङ्कको औसत अङ्क मात्र अन्तिम नतिजामा जोडिन्छ । यसरी हरेक तरहले निष्पक्षता कायम गर्ने विधि आयोगले अवलम्बन गर्दै आएको छ । आयोगले अवलम्बन गरेका सिद्धान्तको अनिवार्य पालना हुने व्यवस्था छ । परिचय-शून्यताको सिद्धान्त तथा गोपनीयताको सिद्धान्तले गर्दा निष्पक्षताको कसीमा लोक सेवा आयोग अब्बल रहन सकेको हो भन्नु अतिशयोक्ति नहोला ।

*(लेखक लोक सेवा आयोगका पूर्वसचिव हुनुहुन्छ)*

> ***आयोगले प्रचलित कानुनका आधारमा आफ्ना काम कारबाही अगाडि बढाउने र आयोगको लामो अवधिको काम कारबाहीको अनुभवका आधारमा आयोगले परीक्षा पद्दतिमा निष्पक्षता कायम गर्न नेपालको संविधान, लोक सेवा आयोग ऐन तथा नियमावलीका व्यवस्थाका आधारमा विभिन्न प्रक्रियागत व्यवस्थाहरू आयोगको कार्य सञ्चालन निर्देशिकामा निर्दिष्ट गरेको छ । आयोगले निर्देशिकामा प्रचलित कानुनबमोजिम प्रतिशत निर्धारण, दरखास्त सक्तलन र स्वीकृति, प्रश्नपत्र निर्माण र परिमार्जन, लिखित परीक्षा सञ्चालन, उत्तरपुस्तिकामा सक्तेत राख्ने विधि, लिखित नतिजा प्रकाशन, अन्तर्वार्ता पूर्वका अन्य परीक्षा सञ्चालन, अन्तर्वार्ता र सिफारिसलगायतका कार्यविधिगत व्यवस्थाहरू समेटेको छ ।***

# तत्काल उद्धार र राहतमा लाग्न सरकारसँग आग्रह

काठमाण्डु । सङ्घीय संसद्, प्रतिनिधिसभाका सांसद दीपक खड्काले सङ्खुवासभा, तेह्रथुम, ताप्लेजुङ, पाँचथरलगायतका पूर्वी पहाडमा गएराति अविरल वर्षाका कारण ठूलो धनजनको क्षति भएको भन्दै जतिसक्दो चाँडो उद्धारमा लाग्नु सरकारसमक्ष आग्रह गर्नुभएको छ ।

सभाको आइतबारको वैठकको सुरुमै समय माग गरी उहाँले भन्नुभयो, "खास गरी सङ्खुवासभामा अहिले सुपर हेवा हाइड्रोपावरमा काम गर्ने मजदुर १६ जना बेपत्ता भएको, तीन जना फेला परेको र एक जना मृत फेला परेको, तीन जना घाइते भएको जानकारी आएको छ । यसबाहेक पनि विभिन्न ठाउँमा मान्छे हराइराखेको सूचना आएको छ, उद्धारमा जाने सुरक्षाकर्मी, राजनीतिक दलका नेताहरु सम्बन्धित ठाउँमा पुगिनसकेको अवस्था छ ।"

उहाँले सुपर हेवा हाइड्रोपावरलगायतका धेरै स्थानमा क्षति भएको बताउँदै तीन वटा पक्की पुल र एउटा झोलुङ्गे पुल बगाएको संसद्मा बताउनुभयो । उक्त घटनाका कारण खर्बौं रुपैयाँको क्षति अएको अनुमान गरिएको उहाँको भनाइ छ । बगरमा रहेका सम्पूर्ण बाली नष्ट भएको र ११ वटा घर बगाएर विस्तापित भएको उहाँले जानकारी दिनुभयो ।

सङ्खुवासभालगायत क्षतिग्रस्त जिल्लामा सरकारले तत्काल उद्धार राहत र सहयोग पुऱ्याउन उहाँले माग गर्नुभयो । सांसद खड्काले आफूहरुले आजै बिहान प्रधानमन्त्रीलाई भेटेर राहतका लागि अनुरोध गरेको बताउँदै उहाँले भन्नुभयो, "पहाडी इलाकाका सुरक्षाकर्मीले मात्रै त्यस क्षेत्रमा भएको क्षतिलाई उद्धार गर्न नसक्ने भएका कारण सभामुखमार्फत सरकारसमक्ष जतिसक्दो चाँडो उद्धार कार्यमा लाग्न र क्षतिलाई न्यूनीकरण गरी क्षतिपूर्ति राहात र उद्धार गरिदिनु हुन पनि विनम्र आग्रह गर्दछु ।"

**राहत र उद्धारमा जुट्न सांसद भट्टराईको आग्रह**

सांसद योगेशकुमार भट्टराईले तेह्रथुम, ताप्लेजुङ, पाँचथरलगायतका पूर्वी पहाडमा गएराति अविरल वर्षका कारण ठूलो धनजनको क्षतिलाई न्यूनीकरण गर्न राहत र उद्धारमा जुट्नका सरकार र सरोकारवाला सङ्घसंस्थालगायत सबैमा आह्वान गर्नुभएको छ ।

सङ्घीय संसद्, प्रतिनिधिसभाको आइतबारको वैठकमा सांसद भट्टराईले उद्धारका लागि नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेनासँग थप सक्रियताको अपेक्षा गर्नुभयो । सचिव भट्टराईले भन्नुभयो, "केही दिनदेखि आएको अविरल वर्षाका कारण पूर्वी पहाडका केही जिल्लामा गम्भीर क्षति भएको छ, ताप्लेजुङ, सङ्खुवासभा, तेह्रथुम, पाँचथर जस्ता जिल्लामा ठूलो जनधनको क्षति पुगेको छ, ताप्लेजुङ जिल्लामा सिदिङ्गा गाउँपालिका, सृजङ्गा गाउँपालिका, मैयाखोला गाउँपालिका र त्रिवेणी गाउँपालिकालगायत विभिन्न स्थानमा बाढीपहिराका कारण दर्जनौं घर नष्ट भएका छन् ।"

ताप्लेजुङ जिल्लामा अहिलेसम्म पाँच जनाको अवस्था अज्ञात रहेको बताउँदै उहाँले अन्य मानिस पनि सुरक्षा गर्दै नजिकैको विद्यालय, सार्वजनिक स्थानमा आएर बस्नुपर्ने अवस्था आएको बताउनुभयो ।

"सिदिङ्गा गाउँपालिकाको मेहेलेका एउटै परिवारका यादव बुढाथोकीको श्रीमती भगीमाया बुढाथोकी, सन्ध्या बुढाथोकी, प्रज्वल बुढाथोकी, बेपत्ता छन्, त्यसैगरी आङ्खोपमा थुप्रै घर क्षतिग्रस्त भएका छन्, सुरुङखिममा पनि दर्जनौं घरमा क्षति पुगेको छ, त्यसैगरी ताप्लेजुङको खेवाङमा थुप्रै घर नष्ट भएका छन्", उहाँले भन्नुभयो ।

ताप्लेजुङका अन्य गाउँपालिकामा समेत ठूलो क्षति पुगेको उहाँको भनाइ छ । ताप्लेजुङका यातायात बन्द भएको र टेलिफोनका टावर विद्युत् गृहमा क्षति पुगेको, पाँचथरमा सडक पुल भत्किएको उहाँको भनाइ छ ।

सांसद भट्टराईले भन्नुभयो, "पूर्वी पहाडमा ठूलो मानवीय र भौतिक क्षति भएको छ । सरकारले घटनाको सम्पूर्ण जानकारी दिनुपर्छ । विपत्सँग सम्बन्धित भएको हुनाले गृहमन्त्रीले सम्पूर्ण विपत्को अवस्थाको जानकारी सदनमा गराउनुपर्छ ।"

उहाँले पुल र सडकको अवस्थाबारे भौतिक पूर्वाधार तथा यातायातमन्त्रीले सदनमा जानकारी दिनु माग गर्नुभयो । भत्किएका सडकलाई तत्काल सञ्चालन गर्न, पीडितलाई आवास र खाद्यान्न सङ्कट भएकाले त्यसमा सरकारले व्यवस्था गर्नुपर्ने उहाँको भनाइ छ ।

**बाढी र पहिरोले सडक र पुलमा मात्रै ५० करोडको क्षति**

पूर्वी नेपालमा शनिवारराति आएको भिषण बाढी पहिरोले सो क्षेत्रमा सडक र पुलमा क्षति पुऱ्याउँदा करिब ५० करोड रकम बराबरको क्षति भएको छ । प्रतिनिधिसभाको आइतबारको बैठकमा समय माग गरेर बोल्दै भौतिक पूर्वाधार तथा यातायत व्यवस्थामन्त्री प्रकाश ज्वालाले सो विषयका बारेमा सदनलाई जानकारी गराउनुभएको हो ।

"ताप्लेजुङ, तेह्रथुम, सङ्खुवासभा, पाँचथरलगायत जिल्लामा गएराति आएको ठूलो बाढी पहिरोले जनधनको क्षति भएको, केही व्यक्तिको ज्यान गएको र केही बेपत्ता भएका छन्", उहाँले भन्नुभयो, "म ज्यान गुमाउनेप्रति म र सरकारका तर्फबाट हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु ।" मन्त्री ज्वालाले उद्धार र पीडितको राहत र सहयोगका लागि तीव्ररुपमा काम अघि बढाएको जानकारी दिनुभयो । त्यस क्षेत्रमा, नेपाली सेना, सशस्त्र प्रहरी, नेपाल प्रहरी, सरकारी कर्मचारीहरु खोजी, उद्धार र राहतमा सक्रियताका साथ लाग्नुभएको छ ।

मन्त्री ज्वालाले भन्नुभयो, "ताप्लेजुङको हुवाखोलामा पुल बगाएपछि सो जिल्ला अन्य जिल्लासँगको पहुँच विच्छेद भएको छ । विद्युत्सम्पर्क पनि टुटेको छ । अरुण करिडोरमा पाँच सय मिटर सडक क्षति भएको छ", उहाँले भन्नुभयो । मध्यपहाडी राजमार्गको पनि केही क्षेत्रमा क्षति पुगेको छ । सम्बन्धित कार्यालयमा कुरा गरी तत्काल बेलिब्रिज जडान गर्न उपकरण र आवश्यक जनशक्तिसहित कार्य प्रारम्भ भइसकेको उहाँले जानकारी दिनुभयो । बेलिब्रिज जडान नभएसम्मका लागि सतहबाट नै डाइभर्सन बनाएर यातायात सञ्चालन गर्न लागिपरेको उहाँको भनाइ छ । रासस



# कांग्रेसद्वारा बाढीपहिरो प्रभावितको खोज, उद्धार र राहतमा जुट्न आग्रह

काठमाण्डु । नेपाली कांग्रेसले बाढीपहिरो प्रभावितको खोज, उद्धार र राहतमा जुट्न आग्रह गरेको छ । प्रभावित क्षेत्रमा उद्धार टोली खटाएर थप मानवीय र भौतिक क्षति रोक्न तीनै तहका सरकारले आवश्यक समन्वय र व्यवस्थित योजनासहित काम गर्नुपर्नेमा सो पार्टीले जोड दिएको हो ।

कांग्रेसले संखुवासभा, ताप्लेजुङ, पाँचथर लगायतका जिल्लामा परेको आकस्मिक अविरल वर्षापछि आएको बाढीपहिरो र डुबानबाट केही व्यक्तिको मृत्यु र भौतिक सम्पत्तिको ठूलो क्षति घटनाप्रति दुःख व्यक्त गरेको छ ।

बाढीपहिरो र डुबानबाट केही व्यक्ति बेपत्ता र विस्थापित हुनका साथै कैयौँ व्यक्तिहरु घाइते भएका छन् । कतिपय स्थानमा सडक मार्ग अवरुद्ध भएको छ । कांग्रेसले आज विज्ञप्तिमार्फत सम्पूर्ण पीडितहरुको यो संवेदनशीलताप्रति सहानुभूति प्रकट गरेको छ ।

कांग्रेसले प्रभावित नागरिकको जीवनरक्षा, उद्धार र राहतको कार्यलाई थप व्यवस्थित र प्रभावकारी बनाउन यथाशीघ्र प्रभावित क्षेत्रमा उद्धार टोली खटाएर थप मानवीय र भौतिक क्षति रोक्न आग्रह गरेको छ । सम्पर्क विहिनको खोजी तीव्र बनाउन, पीडित परिवारलाई राहत उपलब्ध गराउन, बसोबासको व्यवस्था मिलाउन र घाइतेहरुलाई सम्पूर्ण उपचारको व्यवस्था गर्न कांग्रेसले सरकारसँग माग गरेको छ ।

प्रभावित जिल्लाका कांग्रेस र भ्रातृ एवं शुभेच्छुक संस्थाका सबै तहले एक आपसमा समन्वय गरी सम्पूर्ण साङ्गठनिक संरचनाका साथीहरुलाई परिचालन गरी उद्धार, राहत र उचित बसोबासको व्यवस्था मिलाउन सहयोग पुऱ्याउँदै पहिरो एवं डुबानमा पर्न सक्ने थप जोखिम क्षेत्रको पहिचान गरी उक्त क्षेत्रबाट अन्य सुरक्षित स्थानमा नागरिकको स्थानान्तरण गराउने कार्यमा जुट्न कांग्रेसले अपील गरेको छ ।

प्राकृतिक प्रकोपमा जीवन गुमाउनु भएका सबैप्रति कांग्रेसले श्रद्धाञ्जली अर्पण गर्दै दिवङ्गत आत्माको चीर शान्तिको कामना साथ शोक सन्तप्त परिवारजनमा समवेदना प्रकट गरेको छ । साथै, कांग्रेसले घाइतेहरुको शीघ्र स्वास्थ्य लाभको कामना गरेको छ । रासस

# सहकारी र नागरिकता पीडितको समस्या समाधान गर्न माग

काठमाण्डु । सांसद अबदुल खानल शिक्षकको तबल कटौती गर्न नहुने बताउनुभएको छ । सङ्घीय संसद, प्रतिनिधिसभाको आइतबारको वैठकमा उहाँले शिक्षकको तलब कटौती गर्न नहुने भन्दै समस्या समाधानका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो ।

आइतबारको बैठकमा सांसद अमरबहादुर थापाले पासपोर्ट बनाउने क्रममा आम जनताले भोग्नुपरेको समस्याका बारेमा सरकारको ध्यानाकर्षण गराउनुभयो । "पासपार्ट बनाउँदा जनतालाई दुःख दिने काम नहोस्, सहकारी पीडित र नागरिकता पीडितको समस्या समाधान होस्", उहाँले भन्नुभयो ।

सांसद महेशकुमार बर्तौलाले किसानले कालीमाटीमा गरेको आन्दोलनलाई सरकारले सम्बोधन गर्नुपर्ने माग गर्नुभयो । "सरकारले बजार सुनिश्चितताको जिम्मा लिनुपर्छ, किसानका लागि क्षतिपूर्तिको व्यवस्था गर्नुपर्छ", उहाँले भन्नुभयो ।

त्यसैगरी सांसद रामकुमार राईले अविरल वर्षाका कारण पूर्वका जिल्लामा जनधनको ठूलो क्षति भएको बताउँदै सङ्खुवासभामा १७ जना बेपत्ता भएको, नौ जनाको मृत्य भएको र पुल पनि बगाएको बताउनुभयो । ताप्लेजुङमा पनि ठूलो क्षति भएको भन्दै उहाँले त्यहाँ घर बगाउँदा मानिस बेपत्ता भएकोब ताउनुभयो ।

"खोजी जारी छ तथापी पनि भेटिएको छैन, त्यसैगरी पाँचथरमा पनि बेपत्तासँगै ठूलो क्षति भएको छ, जलविद्युत् आयोजना, सिँचाइमा क्षति पुगेको छ भने खेती हुने जग्गा बगरमा परिणत भएका छन् । सरकारले जतिसक्दो चाँडो व्यवस्थित ढङ्गले उद्धार गरी बेपत्ताको खोजी गरोस्", उहाँले भन्नुभयो ।

सांसद अशोककुमार चौधरीले विपत्का कारण ताप्लेजुङमा विद्युत् आपूर्ति बन्द भएको, हालसम्म ताप्लेजुङमा पाँच र पाँचथरमा पाँच जना बेपत्ता भएको जानकारी दिनुभयो । उहाँले खोजीकार्यमा ढिलाइ भएको प्रति दुःख व्यक्त गर्नुभयो । उहाँले पीडितको हेलिकोप्टरमार्फत उद्धार गर्नुपर्ने भन्दै अत्यावश्यक सामग्रीको चाँडो व्यवस्था गर्न र सुरक्षाकर्मी परिचालन गर्न आग्रह गर्नुभयो । रासस

# समाजवादी मोर्चा आज घोषणा हुने

काठमाण्डु । संविधान प्रदत्त समाजवाद स्थापनालाई प्रमुख प्राथमिकतामा राखी सोमबार समाजवादी मोर्चा घोषणा हुने भएको छ ।

प्रधानमन्त्री निवास बालुवाटारमा आइतबार बसेको नेकपा(माओवादी केन्द्र), नेकपा(एकीकृत समाजवादी), जनता समाजवादी पार्टी नेपाल र नेत्रविक्रम चन्द नेतृत्वको नेकपालगायतका राजनीतिक दलले समाजवादी मोर्चा निर्माणमा सहमति जुटाएका हुन् ।

सोमबार राष्ट्रियसभा गृहमा एक कार्यक्रम गरी समाजवादी मोर्चा घोषणा हुनेछ । बैठकमा सहभागी जनता समाजवादी पार्टी नेपालका नेता राजेन्द्र श्रेष्ठका अनुसार आइतबारको बैठकमा समाजवादी मोर्चा र त्यसको न्यूनतम कार्यक्रमका बारेमा आवश्यक सहमति भएको छ । समाजवादी मोर्चा बनाउने प्रयास धेरै पहिलेदेखि भए पनि औपचारिकता भने पाउन सकेको थिएन । माओवादी केन्द्रका उपाध्यक्ष कृष्णबहादुर महारले लगातार विभिन्न राजनीतिक दलसँग यसबारेमा संवाद गर्दै आउनुभएको थियो । आइतबारको बैठकमा शीर्ष नेताहरुको उपस्थिति थियो । बैठकले मोर्चाको न्यूनतम कार्यक्रमसमेत तय गरेको र सोमबार नै सार्वजनिक गरिने बताइएको छ ।

मोर्चामा डा बाबुराम भट्टराई नेतृत्वको समाजवादी पार्टी नेपालसमेत सहभागी हुने बताइएको छ । यसअघि नै प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' र अध्यक्ष भट्टराईबीचको भेटवार्तामा सो सहमति भइसकेको छ । रासस

# उपचारका लागि राज्यबाट सहयोग लिनेको श्वेतपत्र जारी गर्न सांसदको माग

काठमाण्डु । विपन्न नागरिकले उपचार नपाएर मृत्युवरण गर्न बाध्य हुनुपर्दा गुनासो भइरहेका बेला राज्यबाट उपचारका लागि सहयोग लिनेको नामवली सार्वजनिक गर्न सांसदहरुले माग गर्नुभएको छ ।

प्रतिनिधिसभाको आइतबारको बैठकमा विनियोजन विधेयक, २०८० को विभिन्न शीर्षकमाथिको जारी छलफल अन्तर्गत सङ्घीय मामिला तथा सामान्य प्रशासन र स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको शीर्षकमाथिको छलफलका क्रममा सांसदहरुले यस्तो माग गर्नुभएको हो ।



सांसद रामहरि खतिवडाले उपचारका लागि राज्यबाट सहयोग लिने अहिलेसम्मका सबैको श्वेतपत्र जारी गर्न माग गर्नुभयो । सम्भव भए २०४६ सालपछिका सबै विवरण नभए २०६४ सालपछि उपचारका लागि राज्यबाट सहयोग लिनेको सूची सार्वजनिक गरिनुपर्ने उहाँको माग थियो ।

सरकारले आगामी आवका लागि स्वास्थ्य मन्त्रालयलाई रु ८४ अर्ब बजेट विनियोजन गरेको छ । उक्त मन्त्रालय सबैभन्दा धेरै बजेट बिनियोजन हुने पाँचौं स्थानमा छ । नेपालमा स्वास्थ्य सेवा सबैभन्दा महँगो बन्न पुगेको उल्लेख गर्नुहुँदै सांसद खतिवडाले सहज बनाउन सरकारको ध्यान जानुपर्ने बताउनुभयो ।

सांसद रणेन्द्र बराइलीले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको बजेटमा योग र आयुर्वेदलाई आवश्यक बजेट व्यवस्था नगरिएको बताउनुभयो । सांसद डा तोसिमा कार्कीले सुदूरपश्चिम प्रदेशमा मेडिकल कलेज स्थापना गर्न ढिलाइ गरिएको विषयमा जिज्ञासा राख्नुहुँदै नीति तथा कार्यक्रम र बजेट एवं डा गोविन्द केसीसँग गरिएका सम्झौता बाँझिएको बताउनुभयो । "एक स्वास्थ्य संस्था एक चिकित्सक कार्यक्रम यसवर्ष पनि सफल हुन्छ भन्ने विश्वास कसरी गर्ने", उहाँले प्रश्न गर्नुभयो ।

सांसद बद्री पाण्डेले बाजुरामा भूकम्पले जमिन हल्लाएको र पानी परेपछि बाढीपहिरोको समस्या हुन थालेकाले सरकारले यसतर्फ समयमै ध्यान दिन माग गर्नुभयो ।

सांसद डा चन्दा कार्कीले स्वास्थ्यकर्मीलाई पेट भर्न नै दशतिर जानुपर्ने गरी बजेट आएको दाबी गर्नुभयो । विभिन्न जिल्लाका स्वास्थ्यकर्मीले पारिश्रमिक नपाएको गुनासो गरिरहेको उहाँको भनाइ छ ।

सांसदहरु बिमला सुवेदी, रञ्जुकुमारी झा, प्रेमबहादुर आले, विद्या भट्टराई, लालवीर चौधरी, प्रभु साह, डा अमरेशकुमार सिंह, सांसद योगेन्द्र मण्डललगायतले बिपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सरकारको बेवास्ताले लथालिङ्ग बनेकामा सरकारको ध्यान जानुपर्ने बताउनुभयो ।

सांसद अमरबहादुर थापाले स्वास्थ्य प्रणाली राम्रो बन्न नसकेको बताउनुहुँदै राजनीतिक दबाबमा कर्मचारीका सबै काम हुने गरेकामा आपत्ति जनाउनुभयो ।

सांसद प्रदीप पौडेलले नेपालको पूर्वी पहाडी जिल्लाका साथै काठमाडौं क्षेत्र नं ५ को बसुन्धरामा पहिरोले दुई घर पुरिएकोमा पनि सरकारको ध्यानाकर्षण गराउन माग गर्नुभयो । स्वास्थ्यकर्मीलाई दुर्गममा काम गर्न प्रोत्साहित गर्ने, स्वास्थ्य क्षेत्रमा अध्ययन अनुसन्धानका लागि पनि कार्यक्रमको व्यवस्था गरिनुपर्ने उहाँको भनाइ थियो ।

वडातहमै रहेका स्वास्थ्य चौकीमा दक्षस्वास्थ्यकर्मी र उपकरणयुक्त बनाउन ध्यान दिनुपर्ने सांसद पौडेलको माग थियो । निःशुल्क दिने भनिएका औषधि पाइन्छ त ? भन्ने नागरिकका जिज्ञासा अझै अनुत्तरित रहेको उहाँले बताउनुभयो ।

अस्पतालका फार्मेसीमा सबै औषधि पाउने व्यवस्था गर्नुपर्नेमा पनि विभिन्न सांसदहरुले जोड दिनुभएको थियो । विभिन्न रोगबाट पीडितको तथ्याङ्क निकाल्न पनि मन्त्रालयले ध्यान दिनुपर्ने, रोग लाग्न नै नदिने गरी चेतनामूलक कार्यक्रम अघि सार्न पनि सांसदहरुले सरकारको ध्यानाकर्षण गराउनुभएको छ । रासस

# सार्वजनिक निजी साझेदारीमा खेल क्षेत्रको विकास : खेलकुदमन्त्री लिम्बू

पोखरा । युवा तथा खेलकुदमन्त्री डिगबहादुर लिम्बूले सार्वजनिक निजी साझेदारीबाट खेलकुद क्षेत्रको विकास गरिने बताउनुभएको छ । खेल पूर्वाधार निर्माण तथा खेलकुद प्रतियोगिता सञ्चालनका लागि सरकारले निजी क्षेत्रसँग सहकार्य गरेर अघि बढ्ने योजना बनाएको उहाँले स्पष्ट पार्नुभयो ।

खेलकुद पत्रकार मञ्च गण्डकीले आइतबार पोखरामा आयोजना गरेको पत्रकार भेटघाटमा उहाँले नेपाली खेलकुदको विकासमा निजी क्षेत्रबाट समेत धेरै सहयोग प्राप्त भएको बताउनुभयो । उहाँले भन्नुभयो, "खेलकुद क्षेत्रमा सरकारले मात्र सबै थोक गर्न सक्दैन । निजी क्षेत्रलाई समावेश गर्न नसके हामी अगाडि जान सक्दैनौं । खेल प्रवर्द्धन, खेलाडीलाई सहयोग गर्ने धेरै हातहरु छन्, उनीहरुलाई संरक्षण गर्ने दायित्व हाम्रो हो ।"



खेलकुदमन्त्री लिम्बूले आगामी डिसेम्बरमा चीन हुने १९औं एसियाली खेलकुदको तयारी सुरु भएको जानकारी दिनुभयो । उहाँले खेलाडीहरुको छनोट तथा प्रशिक्षणलाई पारदर्शी बनाइने प्रतिबद्धता जनाउनुभयो । "एसियन खेलकुदमा सहभागी हुने खेलाडीहरुको पारदर्शी रुपमा छनोट गरिने गरिनेछ । सकेसम्म राष्ट्रिय खेलकुद परिषद्ले छनोट प्रक्रिया र खेलाडीको सुविधाको अनुगमन गरोस् भन्ने मन्त्रालयको चाहना छ", उहाँले भन्नुभयो ।

पोखरा पर्यटकीय सहरसँगै खेलकुदको समेत सहर भएको बताउँदै उहाँले पोखराको आवश्यकताअनुसार खेलकुद पूर्वाधार निर्माणमा सरकारले सहयोग गर्ने प्रतिबद्धता जनाउनुभयो । उहाँले भन्नुभयो, "निर्माण भएका खेल पूर्वाधारको सुधार र संरक्षणसहित थप खेल प्रवर्द्धन र खेल पूर्वाधार निर्माणमा सरकारले सहयोग गर्नेछ ।"

सङ्घीयताअनुसार खेल क्षेत्रको संरचना विकास नहुँदा उत्साह आउन नसकेको मन्त्री लिम्बूले बताउनुभयो । उहाँले खेल क्षेत्रलाई देशको विद्यमान संरचनाअनुसार अघि बढाइने स्पष्ट पार्दै त्यसका लागि कर्मचारी व्यवस्थापनका लागि कर्मचारी नियमावली र प्रशासनिक नियमावली संशोधन प्रक्रिया अघि बढाइएको जानकारी दिनुभयो ।

खेलकुदमन्त्रीले भन्नुभयो, "सङ्घीयताअनुसार खेल क्षेत्रलाई अघि बढाउँदा बल्ल उत्साह छाउने छ । खेल क्षेत्रमा धेरै गर्न सक्छौं । खेल पदाधिकारीहरुले मितव्ययी भएर खेलाडीहरुको सुविधाका लागि काम गर्नुपर्दछ भन्ने भनेर लाग्नु आवश्यक छ ।" रासस

# विधानअनुसार महाधिवेशन गर्न एनआरएनएलाई मन्त्री साउदको आग्रह

काठमाण्डु । परराष्ट्रमन्त्री एनपी साउदले गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) लाई विधानअनुसार महाधिवेशन गर्न आग्रह गर्नुभएको छ । एनआरएनएको संस्थापन पक्ष र १०औं महाधिवेशनमा असन्तुष्ट भएको पक्षका प्रतिनिधिहरुलाई उहाँले आज विधानअनुसार महाधिवेशन गर्न आग्रह गर्नुभएको हो ।

परराष्ट्र मन्त्रालयमा आइतबार संयुक्त रुपमा आउनुभएका दुवै पक्षका प्रतिनिधिहरुलाई मन्त्री साउदले विधान स्पष्ट बनाएर महाधिवेशनमा जान सुझाव दिनुभयो । "हाम्रो स्पष्ट सोच छ । पहिला तपाईंहरुको विधान क्लियर हुनुपऱ्यो", साउदले भन्नुभयो, "विधानअनुसार एउटा प्रक्रियाले मान्छे छनोट हुन्छ । कोही हार्छ कोही जित्छ ।"

उहाँले परराष्ट्र मन्त्रालय र एनआरएनएबीचको सम्बन्ध स्पष्ट र विवादरहित हुनुपर्नेमा जोड दिनुभयो । "तपाईंहरु र हाम्रो सम्बन्ध विवादग्रस्त हुन हुन्न", मन्त्री साउदले भन्नुभयो, "हामीले भोलि कुनै पनि निर्णय गर्दा तपाईंहरुको विधान बमोजिम हामीले त्यसमा एक्सन गर्ने हो ।"

मन्त्री साउदले कुनै पनि संस्थालाई नियन्त्रणमा राख्ने प्रवृत्ति र संस्थामा नियन्त्रण नहुँदा समानान्तर रुपमा गतिविधि गर्ने प्रवृत्ति दुवै घातक भएको पनि एनआरएनएका प्रतिनिधिहरुलाई स्मरण गराउनुभयो ।

"संस्थालाई पूर्णतया नियन्त्रण राखिराख्ने प्रवृत्ति या संस्थामा नियन्त्रण भएन भने म समानान्तर रुपमा जान्छु भन्ने प्रवृत्ति दुवै घातक छन्", परराष्ट्रमन्त्री साउदले भन्नुभयो, "त्यसको समाधान गर्ने तरिका के हो भने विधान र प्रक्रियालाई सबैले स्वीकार गर्नुपर्छ ।"



मन्त्री साउदले दुवै पक्षलाई मिलेर आउनसमेत सुझाउनुभयो । "स्वीकार्यताको कुरा तपाईंहरु ल्याउनूस् । जुन तपाईंहरुले भन्नुभएको छ, त्यो मुद्दा (अदालतमा विचाराधीन) फिर्ता गरिदिनुस्", उहाँले भन्नुभयो ।

परराष्ट्रमन्त्री साउदसँगको भेटमा एनआरएनएका कार्यकारी अध्यक्ष डा बद्री केसीले दुवै पक्षबीच आइतबारमात्रै एकताका लागि सहमति भएको जानकारी गराउनुभएको थियो । उहाँका अनुसार प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'को उपस्थितिमा दुवै पक्षबीच एकता गर्ने सहमति भएको हो ।

कार्यकारी अध्यक्ष केसी, उपाध्यक्ष आरके शर्मा र असन्तुष्ट भएको समूहबाट विनोद कुँवर तथा दुवै पक्षबाट गठित उच्चस्तरीय वार्ता समितिका संयोजकहरु डिबी क्षेत्री र जानकी गुरुङबीच सहमतिपत्रमा हस्ताक्षर भएको छ ।

परराष्ट्रमन्त्री साउदलाई वाचन गरेर सुनाइएको सहमति पत्रमा आगामी अक्टोबरमा हुने ११औं महाधिवेशन सहमति, सहकार्य र एकताको सन्देशसहित आयोजना हुने उल्लेख थियो । जसका लागि दुवै पक्षका प्रतिनिधिहरु रहने गरी एक उच्चस्तरीय अनुगमन समिति गठन गरिने छ ।

उक्त समितिले सदस्यता वितरण, महाधिवेशन प्रतिनिधि छनोट र राष्ट्रिय तथा अन्तरराष्ट्रिय समन्वय परिषद्को निर्वाचनको अनुगमन गर्नेछ । एनआरएनएले विधान संशोधनलाई परराष्ट्र मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ ।

मन्त्री साउदसँगको भेटवार्तामा गैरआवासीय नेपाली सङ्घका तर्फबाट संस्थापक अध्यक्ष डा उपेन्द्र महतो, कार्यकारी अध्यक्ष डा बद्री केसी, उपाध्यक्ष आरके शर्मा, महासचिव डा केशव पौडेल, उपमहासचिव गणेश केसी, सचिवद्वय गोविन्द गौतम, खगेन्द्र न्यौपाने, पूर्वसंस्थापक अन्तरराष्ट्रिय संयोजक भीम उदास, एनसिसी अमेरिकाका कोषाध्यक्ष राजीव श्रेष्ठ, एनसिसी युकेकी रोजिना प्रधान, विनोद कुँवर, जानकी गुरुङ, प्रमुख कार्यकारी अधिकृत रविकिरण अधिकारी लगायतको उपस्थिति रहेको थियो । रासस

# चीनमा अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केन



बीबीसी

वासिंगटन । चीन र अमेरिकाबीच लामो समयदेखि जारी तनावका बीच अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केन आइतबार चीन पुगेका छन् । पछिल्लो पाँच वर्षमा वरिष्ठ अमेरिकी नेताको यो पहिलो चीन भ्रमण हो। उही समयमा, ब्लिन्केन २०२१ मा बाइडेन राष्ट्रपति भएपछि चीन पुग्ने उनको क्याबिनेटको पहिलो मन्त्री हुन्।

ब्लिन्केनले यस वर्ष फेब्रुअरीमा चीन भ्रमण गर्ने कार्यक्रम थियो तर उनको भ्रमण अघि अमेरिकी आकाशमा चिनियाँ बेलुन देखिएपछि दुई देशबीच तनाव बढेको थियो।

अमेरिकाले यसलाई चीनको जासुसी बेलुन भन्दै सैन्य जेटबाट आक्रमण गरी खसालेको थियो । तर, चीनले भने त्यसको खण्डन गर्दै मौसमको जानकारी खोज्ने यो बेलुन आफ्नो बाटो हराएर अमेरिकी आकाशमा प्रवेश गरेको बताएको छ ।

यो मुद्दा बढ्यो र ब्लिन्केनले आफ्नो चीन भ्रमण रद्द गरे। यस घटनाको पाँच महिनापछि ब्लिकन अहिले चीन-अमेरिका सम्बन्धबारे छलफल गर्न बेइजिङ पुगेका छन् ।

**एन्टोनी ब्लिन्केनको एजेन्डामा के छ?**

आफ्नो दुई दिने चीन भ्रमणका क्रममा ब्लिन्केनले परराष्ट्र नीतिका विषयमा वरिष्ठ चिनियाँ अधिकारीहरूसँग कुराकानी गर्नेछन्। यद्यपि उनले चिनियाँ राष्ट्रपति सी चिनफिङलाई भेट्ने वा नगर्ने भन्नेबारेमा कुनै जानकारी छैन । यस हप्ता शुक्रबार चिनियाँ राष्ट्रपति सी जिनपिङलाई माइक्रोसफ्टका सह-संस्थापक बिल गेट्ससँग भेटिएको थियो।

चीन र अमेरिकाबीच तनावको कुनै खबर छैन, विगत केही वर्षदेखि दुई महाशक्तिबीच धेरै विषयमा असहमति रहेको भए पनि दुईबीच सहकार्यको सम्भावना देखिएको छ ।

विंकनकेन को एजेन्डामा छलफलको लागि कुन तीन कुराहरू महत्त्वपूर्ण हुन सक्छन् भनेर जान्नुहोस्।

**पारस्परिक सम्बन्ध सुधार**

ब्लिन्केनको भ्रमणमा उनको पहिलो प्राथमिकता दुई देशबीचको सम्बन्धमा सुधार र दुई देशबीचको कूटनीतिक सम्बन्ध पुनर्स्थापना हुनेछ। यद्यपि गत महिना अष्ट्रियाको भियनामा दुवै देशका वरिष्ठ अधिकारीबीच भेटवार्ता भएको थियो ।

अमेरिकी राष्ट्रिय सुरक्षा अधिकारी जेक सुलिभान र वरिष्ठ चिनियाँ कूटनीतिज्ञ वाङ यीबीचको दुईदिने बैठकमा दुई देशबीचको सम्बन्धमा जमेको हिउँ पग्लिएको र दुवैले थप वार्ता गर्ने सहमति गरेका थिए । यद्यपि एन्टोनी ब्लिन्केन बाइडेन प्रशासनका सबैभन्दा वरिष्ठ अधिकारी हुन् जो वार्तालाई अगाडि बढाउन चीन पुगेका छन् ।

सन् २०१८ को अक्टोबरपछि अमेरिकी विदेशमन्त्रीको चीनको यो पहिलो औपचारिक भ्रमण हो।

भ्रमणअघि राष्ट्रपतिका उपसहायक तथा इन्डो-प्यासिफिक मामिलाका संयोजक कर्ट क्याम्पबेलले द्वन्द्वको जोखिम कम हुने भएकाले यसबारे कुरा गर्ने यो उपयुक्त समय भएको बताए ।

“हामी सबैले विश्वव्यापी प्राथमिकताहरूमा मिलेर काम गर्न आवश्यक छ, जसमा हामी हाम्रा मतभेदहरूलाई अगाडि बढ्नको बाटोमा खडा हुन दिन सक्दैनौं,“ उनले भने।

तर, ब्लिन्केनको भ्रमणलाई लिएर चिनियाँ क्याम्पमा शान्त छ । चिनियाँ विदेशमन्त्री चिन ग्याङ र अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनबीच बुधबार राति भएको फोन वार्ताको बारेमा चीनको आधिकारिक खातामा दिइएको जानकारीका अनुसार चिन ग्याङले ब्लिन्केनलाई भने कि पछिल्लो समय आपसी सम्बन्धमा देखिएको तनावको लागि “यो स्पष्ट छ। जिम्मेवार।“

यस जानकारीका अनुसार कुराकानीका क्रममा ब्लिन्केनले कथित रूपमा भने, “अमेरिकाले चीनको चासोलाई सम्मान गर्नुपर्छ, चीनको आन्तरिक मामिलामा हस्तक्षेप गर्न बन्द गर्नुपर्छ र प्रतिस्पर्धाको नाममा चीनको सार्वभौमसत्ता, सुरक्षा र विकासलाई कमजोर पार्नु हुँदैन।“ अमेरिकाले यस भ्रमणसँग सम्बन्धित घोषणाहरू र यसबाट अपेक्षाहरूको बारेमा थोरै समाचार दिइरहेको देखिन्छ। यो भ्रमणसँग सम्बन्धित जानकारी कूटनीतिक तवरले दिइने र ‘बैठक भइसकेको छ’ भन्ने बुझिन्छ ।

स्टेट डिपार्टमेन्टमा पूर्वी एसियाका लागि वरिष्ठ कूटनीतिज्ञ ड्यानियल जे क्रिटेनब्रिंक भन्छन् कि दुई बीचको वार्ताले कुनै अभूतपूर्व नतिजा वा कुनै ठूलो परिवर्तनको आशा गर्नु हुँदैन। हो, यो बैठकमा दुई देशबीच थप वार्ताका लागि सहमति भयो भने दुवैका लागि महत्वपूर्ण हुनेछ, जसमा दुवैले अगाडि बढ्न सक्छन् ।

**व्यापार गर्न सजिलो**

जो बाइडेनले सपथ लिँदासम्म अमेरिका र चीनबीचको सम्बन्ध धेरै उतारचढावबाट गुज्रिएको थियो। उनका पूर्ववर्ती डोनाल्ड ट्रम्पले चीन विरुद्ध धेरै प्रतिबन्धहरू लगाएका थिए, जसलाई बाइडेनले हटाउन चाहेनन्। यस्तो अवस्थामा उनले पदभार ग्रहण गरेदेखि नै दुई देशबीचको सम्बन्ध तनावपूर्ण बनेको थियो । ट्रम्पले चीनमा बनेका सामानमा आयात कर बढाएका थिए ।

कतिपय अवस्थामा, बिडेन पनि ट्रम्पभन्दा एक कदम अगाडि बढेको देखियो। उनले अत्याधुनिक इलेक्ट्रोनिक्स प्रविधिको दौडमा अमेरिकाको अग्रता कायम राख्न चीनमा अमेरिकी कम्प्युटर चिप्स निर्यातमा प्रतिबन्ध लगाए। यसप्रति चीनले कडा प्रतिक्रिया दिएको छ । यसले अमेरिकाको सबैभन्दा ठूलो कम्प्युटर मेमोरी चिप निर्माता माइक्रोनलाई चीनलाई बेच्न प्रतिबन्ध लगाएको छ। उनले भने कि यसले चीनको महत्वपूर्ण सूचना पूर्वाधारलाई खतरामा पार्न सक्छ।

कर्ट क्याम्पबेलले चीनको चिन्तालाई स्वीकार गरे, यद्यपि उनले भने कि अमेरिकाले अहिलेसम्म के गरेको छ त्यसको रक्षा गर्न सक्छ, तिनीहरूको बारेमा कुरा गर्न सक्छ र अब के हुन सक्छ भनेर जानकारी दिन सक्छ। तर यदि कम्प्युटर प्रविधि दुई महाशक्तिबीच कडा प्रतिस्पर्धा हुन सक्ने क्षेत्र हो भने अवैध लागुऔषधको व्यापार दुवैबीच सहकार्य सम्भव हुने क्षेत्र हो । अमेरिकाले चीनमा बन्ने रसायनको आयात घटाउन चाहन्छ । यो रसायन फटानिल नामक औषधि बनाउन प्रयोग गरिन्छ। यो एक सिंथेटिक लागूपदार्थ हो जुन हेरोइन भन्दा धेरै गुणा शक्तिशाली छ।

पछिल्लो सात वर्षमा अमेरिकामा ड्रग ओभरडोजबाट हुने मृत्युको तथ्याङ्कमा ठूलो उछाल आएको छ ।

यसमध्ये फटानिलका कारण मृत्यु हुनेको संख्या तीन गुणाभन्दा बढी रहेको छ । ड्यानियल क्रिटेनब्रिंक भन्छन्, “यो अमेरिकाका लागि एकदमै महत्त्वपूर्ण र अति जरुरी मुद्दा हो।“ तर, यसका आफ्नै चुनौती पनि रहेको उनी स्वीकार्छन् ।

सन् २०२१ को तथ्यांक हेर्दा चीनले २१६ अर्ब डलरको रसायन निर्यात गर्छ र यस मामिलामा विश्वको तेस्रो ठूलो उत्पादक हो भन्ने थाहा हुन्छ । अमेरिका यसको सबैभन्दा ठूलो खरिदकर्ता हो, त्यसपछि भारत, त्यसपछि दक्षिण कोरिया, जापान र ब्राजिल छन्।

**टकरावबाट बच्न**

फेब्रुअरीमा अमेरिकी आकाशमा चीनको कथित जासुसी बेलुन देखिएपछि चीनले रुसलाई हतियार दिने विचार गरिरहेको खबर आएको थियो। युक्रेनविरुद्ध चलिरहेको युद्धमा रुसले यी हतियार प्रयोग गर्ने बताइएको छ ।

पछि अमेरिकी अधिकारीहरूले यस दावीबाट आफ्नो कदम फिर्ता लिए। अमेरिकाले त्यसो नगरेको भए दुई देश (रसिया र युक्रेन) बीचको युद्ध अमेरिका र चीनबीचको प्रोक्सी युद्ध हुने खतरा हुनसक्थ्यो ।

तर यो आशा गर्न सकिन्छ कि अमेरिकाले भियनामा चीनलाई चेतावनी दिएको छ कि ब्लिन्केनको यो भ्रमणमा पनि सुनिन्छ। अमेरिकाले भियनामा चीनले रुसलाई सैन्य सहयोग वा आर्थिक सहयोग गरे त्यसको गम्भीर परिणाम हुनसक्ने बताएको थियो ।

ताइवानको खाडी र दक्षिण चीन सागरको पनि छुट्टै मुद्दा छ । ताइवानको खाडी र साउथ चाइना सीमा दुवै देशका युद्धपोतहरू आउने-जाने देखिएका छन् र यस विषयमा दुई देशबीच चर्को आदानप्रदान भइरहेको छ ।

चीनले यी क्षेत्रहरूलाई आफ्नो भएको दाबी गर्छ भने अमेरिकाले यी अन्तर्राष्ट्रिय समुद्री मार्गहरू भएको दाबी गरेको छ।

ब्लिन्केनले यस भ्रमणमा आफ्नो कूटनीतिज्ञहरूको टोली र तनावको “जोखिम कम गर्ने“ र फेरि एकपटक वार्ता जारी राख्ने प्रक्रिया सुरु गर्ने लक्ष्य राखेको बताइसकेका छन्। तर यो ब्लिन्केन भ्रमणबाट धेरै आशा गर्नु उचित हुनेछैन।

साथै, दुई देशहरू बीचको अधिक सहयोग वा साझेदारी बिडेन आफैंको लागि घाँटी दुख्न सक्छ। अर्को वर्ष अमेरिकामा राष्ट्रपतीय निर्वाचन हुँदैछ र यो समयमा अमेरिकामा चीन विरोधी भावना तीव्र हुन थाल्ने सम्भावना छ ।

बिडेन यो जोखिम लिन चाहँदैनन्। सायद उहाँको भ्रमणबाट सन्तोषजनक नतिजा निस्कन सक्छ कि भविष्यमा सैन्य द्वन्द्वको सम्भावना नरहने गरी दुवै पक्षले थप वार्ताका लागि बाटो खोल्छन्।

## यूपी-बिहारमा गर्मीले ३ दिनमा ९८ जनाको मृत्यु

# बलियामा ४ सय भन्दा बढी अस्पताल भर्ना, आसामका १३ जिल्लामा बाढी, ३८ हजार प्रभावित

एजेन्सी

पटना । उत्तर प्रदेश र बिहारमा पछिल्लो ३ दिनमा जारी गर्मीका कारण ९८ जनाको मृत्यु भएको छ। जसमा यूपीका ५४ र बिहारका ४४ जना छन् ।

उत्तर प्रदेशको बलिया जिल्लामा १५, १६ र १७ जुनमा ज्वरो र सास फेर्न गाह्रो भएपछि २ सय जनालाई अस्पतालमा भर्ना गरिएको थियो । तीमध्ये अधिकांश ६० वर्षभन्दा माथिका छन् । बिहारका ११ जिल्लामा गर्मीको चेतावनी जारी गरिएको छ। यहाँको तापक्रम ४४ डिग्रीको हाराहारीमा रेकर्ड गरिएको छ । यसबाहेक उत्तरपूर्वी राज्यहरू अरुणाचल प्रदेश, असम, मेघालय, नागाल्याण्ड, मणिपुर, मिजोरम, त्रिपुरा र सिक्किममा पनि वर्षा भइरहेको छ। आसाममा ब्रह्मपुत्र नदीको बहाव बढेको छ। बाढीबाट १३ जिल्लामा ३८ हजारभन्दा बढी मानिस प्रभावित भएका छन् । यस बाहेक सिक्किमका तीन जिल्लामा पानी परेको छ। चुङ्थाङको राष्ट्रिय राजमार्गमा शुक्रबार पहिरो खस्दा तीन हजार ५०० पर्यटक अलपत्र परेका छन् । सेनाले उनीहरुको उद्धार गरेको छ ।

ओडिशाको भुवनेश्वरमा पारा ४४ डिग्री नाघेको छ। यहाँ अन्तर राज्य एथलेटिक्स च्याम्पियनसिप आयोजना हुँदैछ । चर्को गर्मीका कारण महिला खेलाडी तेजस्विनी शंकर बेहोस भएकी छन् । जबकि अन्य खेलाडीहरू टाउकोमा पानी खन्याएको देखियो । योसँगै राज्यमा गर्मीका कारण एक जनाको मृत्यु भएको छ ।

बिहारमा मौसम विभागले लगातार दोस्रो दिन गर्मीको लहरलाई लिएर ६ जिल्लामा रातो, ८ जिल्लामा सुन्तला र ४ जिल्लामा पहेँलो रंगको अलर्ट जारी गरेको छ । जहाँ भोजपुर, अरवाल, औरंगाबाद, रोहतास, बक्सर र कैमुरमा रेड अलर्ट छ। धेरै जिल्लामा कक्षा १२ सम्मका विद्यालय र आङ्गनवाडीहरू असार २४ गतेसम्म बन्द गरिएका छन् ।

यूपीमा बिपरजोय आँधीका कारण आगामी दिनमा गर्मीबाट राहत मिल्ने छ । तर अब दुई दिन गर्मीले सताउनेछ । बाराबंकी, गोंडा, अयोध्या, अमेठी, रायबरेली, प्रतापगढ, कौशाम्बी, सुल्तानपुर, मिर्जापुर, वाराणसी, सोनभद्र, गाजीपुर, देवरिया, माउ, बलिया, गोरखपुर, महाराजगञ्ज, अम्बेडकरनगर, सन्तकबीर नगरमा तापक्रम न्यानो रहनेछ।

स्काइमेटका अनुसार आगामी २४ घण्टामा दक्षिण र मध्य राजस्थान, मेघालय, मणिपुर, त्रिपुरा र असमका केही स्थानमा हल्कादेखि भारी वर्षाको सम्भावना छ।

उत्तरी गुजरात, उत्तरपूर्वी राजस्थान, हरियाणाका केही भाग, उप-हिमालयन पश्चिम बंगाल, केरला, तटीय कर्नाटक, तमिलनाडुका केही भाग, अण्डमान र निकोबार टापुहरू र उत्तरपूर्वी भारतका बाँकी भागहरूमा हल्कादेखि मध्यम वर्षाको सम्भावना छ।

कर्नाटक, कोंकण र गोवा र पश्चिम उत्तर प्रदेशका केही स्थानहरूमा हल्कादेखि मध्यम वर्षा हुन सक्छ। पश्चिमी हिमालय, बिहार, ओडिशा, छत्तीसगढ, तेलंगाना र आन्ध्र प्रदेशका केही भागमा हल्का वर्षाको सम्भावना छ।

असममा वर्षाका कारण ब्रह्मपुत्र नदीको पानी निकै बढेको छ । वरपरका जिल्लामा बाढीको अवस्था छ । हालको बाढीबाट १३ जिल्लाका करिब ३८ हजार मानिस प्रभावित भएको प्रकोप विभागले जनाएको छ । लखिमपुर जिल्लामा मात्र २५ हजार २७५, डिब्रुगढमा ३ हजार ८५७, विश्वनाथ जिल्लामा ३६३१ जना प्रभावित भएका छन् । शनिबार गुवाहाटीको धीरेनपारा क्षेत्रमा पहिरोमा परी एक जनाको मृत्यु भएको छ ।

उत्तर सिक्किमको चुङथाङमा शुक्रबार पहिरो र वर्षाले सडक बगाएको छ। जसका कारण त्यहाँ अलपत्र परेका करिब ३ हजार ५ सय पर्यटकको भारतीय सेनाले उद्धार गरेको छ । त्यसमा केही कलेजका विद्यार्थी पनि पर्छन् । लाचेन, लाचुङ र चुङ्थाङ उपत्यकामा शुक्रबार भारी वर्षा भएको छ ।

अरब सागरबाट आएको चक्रवात ‘विपरजोय’ले गुजरातपछि राजस्थानमा भीषण क्षति पुर्‍याएको छ ।

यसको प्रभावका कारण विगत ३६ घण्टादेखि जारी भारी वर्षाले राज्यका धेरै ठाउँमा बाढीको अवस्था सिर्जना गरेको छ । बाड्मेर, सिरोही, बांसवारा, उदयपुर, राजसमन्द, पाली, अजमेर, कोटा लगायतका जिल्लामा भारी वर्षाले जनजीवन प्रभावित भएको छ ।



# जिम्बाब्वेसँग नेपाल पराजित

टुडे समाचारदाता



जनकपुरधाम । आईसीसी विश्वकप छनोटको पहिलो खेलमा नेपाल जिम्बाब्वेसँग आठ विकेटले पराजित भएको छ । आइतबार जिम्बाब्वेको राजधानी हरारेस्थित हरारे स्पोर्ट्स क्लबमा नेपाललाई हराउँदै जिम्बाब्वे विजयी भएको छ ।

जिम्बाब्वेका दुई ब्याट्सम्यानले शतक बनाउँदा नेपालले प्रस्तुत गरेको २९१ रनको लक्ष्य ४४.१ ओभरमा दुई विकेट गुमाएर पूरा गर्‍यो । जिम्बाब्वेका जितमा उत्कृष्ट ब्याटिङ गरेका कप्तान एर्भिनले अविजित १२१ रन बनाए । नेपाली बलरलाई दबाबमा राखेका ओपनर एर्भिनले १२८ बलमा १५ चौका र एक छक्का प्रहार गरे ।

एर्भिनसँगै शतक बनाएका सिन विलियम्सले अविजित १०२ रन बनाए । ७० बलमा शतक पूरा गरेका विलियम्स जिम्बाब्वेका लागि एकदिवसीय क्रिकेटमा सबैभन्दा छिटो शतक बनाउने खेलाडी बने । आक्रामक रूपमा प्रस्तुत भएका विलियम्सले ७० बलमा १३ चौका र एक छक्का प्रहार गरे । यी दुईले तेस्रो विकेटका लागि अविजित १६४ रनको साझेदारी गर्दै जिम्बाब्वेलाई जितसम्म डोहोर्‍याएका थिए । यसबाहेक वेस्ली मधेभेरेले ३२ र ओपनर जोयलर्ड गम्बीले २५ रन थपे ।

जिम्बाब्वेविरुद्ध नेपालको कुनै पनि बलरले दबाब बनाउन सकेनन् । नेपालका सोमपाल कामी र गुल्सन झाले समान एक विकेट लिए । त्यसअघि आसिफ र कुशलले कीर्तिमानी साझेदारी गरेपछि टस हारेर ब्याटिङमा आएको नेपालले निर्धारित ५० ओभरमा आठ विकेट गुमाएर २९० रनको योगफल खडा गरेको थियो ।

नेपालका ओपनिङ जोडी आसिफ र भुर्तेलले जिम्बाब्वेविरुद्ध १७१ रनको सानदार साझेदारी गरेका थिए । एकदिवसीयअन्तर्राष्ट्रियक्रिकेटमा नेपालको यो अहिलेसम्मकै उच्च साझेदारी हो । यसअघि २०२३ को फरबरीमा ज्ञानेन्द्र मल्ल र आसिफ शेखले नामिबियाविरुद्ध १३९ रनको साझेदारी गर्नु नै एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेटमा अहिलेसम्मको उच्च साझेदारी थियो ।

शतक बनाउनबाट एक रनले चुकेका भुर्तेल ९९ रनमा आउट भए । उनी नेपालबाट एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेटमा टेस्ट राष्ट्रविरुद्ध अर्धशतक बनाउने पहिलो ब्याट्सम्यान समेत बने । उनले ९५ बलमा १३ चौका र दुई छक्का प्रहार गरे । कुशल चौथो ओभरमा एक रनमा खेलिरहँदा क्याच आउट हुनबाट बचेका थिए । रिचार्ड एन्गाराभाले गरेको बलको चौथो ओभरको चौथो बलमा सिकन्दर राजाले कुशलको क्याच छुटाएका थिए ।

कुशललाई पहिलो विकेटका लागि साथ दिएका अर्का ओपनर आसिफले ६६ रन बनाए । आसिफले १०० बलमा सात चौका प्रहार गरे । नेपालले ३१.५ ओभरमा पहिलो विकेटको रूपमा भुर्तेललाई गुमाएको थियो । भुर्तेल ९९ रनमा रहँदा वेलिङ्टन मसाकाड्जाबाट बोल्ड भए । लगत्तै नेपालले ३३.५ ओभरमा अर्का ओपनर आसिफलाई गुमाएको थियो । आसिफ मसाकाड्जाकै बलमा च्यान बलबाट क्याच भए ।

यसबाहेक नेपाली टिमको खातामा कुशल भुर्तेलले ४१ रन थपे । कुशलले ४२ बलमा दुई चौका र तीन छक्का प्रहार गरे । कप्तान रोहितकुमार पौडेलले २९ बलमा पाँच चौकासहित ३१ रन थपे । आरिफ शेखले ११ बलमा १० रन थपे । गुल्सन झाले १३ रन थप्दा दीपेन्द्रसिंह ऐरी ६ रनमा र भीम सार्की ‘गोल्डेन डक’ भए । करण केसी दुई रनमा र सोमपाल कामी शून्यमा अविजित रहे ।

नेपालले ४२ औँ ओभरको चौथो बलमा पेनाल्टीबापत पाँच रन पाएको थियो । जिम्बाब्वेका विकेटकिपरले फिल्डरले दिएको बल समाउँदा एक हातको ग्लोभ्स खोलेका थिए । तर, बल समाउदा खोलेको ग्लोभ्समा लागेपछि नेपालले पाँच रन पेनाल्टीबापत पाएको थियो ।

जिम्बाब्वेका रिचार्ड एन्गाराभाले चार विकेट लिए । नौ ओभर बलिङ गरेका एन्गाराभाले एक मेडन राख्दै ४३ रन खर्चिए । वेलिङ्टन मसाकाड्जाले दुई र टेन्डाई चतरा रसमान एक विकेट लिए । छनोटमा नेपाल र जिम्बाब्वे समूह ‘ए’ मा छन् । यस समूहमा यी दुई टिमसँगै नेदरल्यान्ड्स, अमेरिका र वेस्टइन्डिज छन् ।

नेपाल र जिम्बाब्वेबीचको एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेटको यो पहिलो खेल हो । नेपालले पहिलोपटक टेस्ट मान्यता प्राप्त राष्ट्रविरुद्ध एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेट खेल्न लागेको हो ।

# पाँचौ संस्करण सुरु

टुडे समाचारदाता

राजविराज । राजविराजमा सप्तरी प्रिमियर लिगको पाँचौ संस्करण आइतबारदेखि सुरु भएको छ ।



सप्तरी क्रिकेट संघको आयोजनामा स्थानीय प वि मा वि को खेल मैदानमा सुरु भएको उक्त प्रतियोगिताको राजविराज नगरपालिकाकी कार्यवाहक प्रमुख इसरत परविनले ब्याटिङ गरी प्रतियोगिताको उद्घाटन गरेकी छन् ।

उद्घाटन खेलमा रुपनी राइडर्सले राजविराज द किंग्सलाई १५ रनले पराजित गरेको छ । उक्त खेलमा रुपनी राइडर्सले ब्याटिङ गर्दै १ सय ५० रनको चुनौती पेश गरेको थियो । प्रतिउत्तरमा राजविराज द किंग्स निर्धारित २० ओभरमा ८ विकेटको क्षतीमा १ सय ३५ रन मात्र जोड्न सफल भयो । राजविराज द किंग्सका लागि बिक्रम सोबले सर्वाधिक ३४ रन बनाए भने तृत राजदासले ३३ तथा अभिषेक कार्कीले २९ रन बनाएका थिए ।

रुपनीका लागि फिर्दोश अन्सारीले सर्वाधिक ३, धिरज मण्डलले २ तथा जितेन्द्र मुखिया, अशोक मेहता र दीपेश कंडेलले १/१ विकेट लिए ।

यसअघि टस हारेर ब्याटिंग गरेको रुपनीले २० ओभरमा ६ विकेटको क्षतिमा १ सय ५० रन बनाएको थियो ।

जसमा फिर्दोश अन्सारीले सर्वाधिक ६१, रोहन विकले ३३ तथा विकास दासले २० रनको योगदान दिए ।

बलिङतर्फ राजविराजका विक्रम सोबले २ तथा दीपेश सरदार, तृतीय राजदास र सोहेल खानले १/१ विकेट लिए । खेलको प्लेयर अफ द म्याच रुपनी राइडर्सका फिर्दोश अन्सारी घोषित भए ।

समारोहमा राजविराज नगरपालिकाका कार्यवाहक मेयर परविन, नेपाल क्रिकेट संघका कोषाध्यक्ष रोशनकुमार सिंह, छिन्नमस्ता गाउँपालिकाका अध्यक्ष विद्यानन्द चौधरी, नेपाल क्रिकेट संघका पूर्व कोषाध्यक्ष शैलेश कुमार चौधरी, नेपाल पत्रकार महासंघ सप्तरीका अध्यक्ष श्रवणकुमारदेव लगायतको उपस्थिति रहेको थियो ।

हार्दिक श्रद्धाञ्जली



जन्म २०११-१२-०२
स्व.प्रा. डा. रामकेवल साह
स्वर्गारोहण २०८०-०२-२५

मेरो अभिन्न मित्र सहपाठी **डा.राम केवल साह**को अल्पायु मै असामयिक निधन भएकोमा म र मेरो परिवार मर्माहत तथा स्तब्ध भएका छौं । मृत आत्माको चीर शान्तिको लागि जगत जननी जानकी माता संग प्रार्थना गर्दै भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं ।

दुःखको यस घडीमा शोक सन्तप्त परिवारलाई धैर्य धारण गर्ने शक्ति भगवानले प्रदान गरुन भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**प्रभाकर प्रसाद साह**
जनकपुरधाम-१४, मुजेलिया

हार्दिक श्रद्धाञ्जली



जन्म २०११-१२-०२
स्व.प्रा. डा. रामकेवल साह
स्वर्गारोहण २०८०-०२-२५

मधेश स्वास्थ्य विज्ञान प्रतिष्ठानका संस्थापक उपकुलपति तथा कर्मचारी सेवा केन्द्र, सबैला न.पा.का आजिवन सदस्य **प्रा.डा. रामकेवल साह** ज्यूको मिति २०८०।०२।२५ गते विहीबारका दिन असामयिक स्वर्गारोहण हुनु भएकोले हामी स्तब्ध भएका छौं । १३ औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोक सन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति माता जानकीले प्रदान गरुन भन्ने कामना सहित हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**घनश्याम नायक**
अध्यक्ष तथा
**कर्मचारी सेवा केन्द्र (परिवार)**
सबैला न.पा., धनुषा



गोलभेंडाले उचित मूल्य नपाएको र बजारमा नबिकेको भन्दै किसानले आइतबार कालिमाटी तरकारी तथा फलफूल बजारको द्वार अगाडि सडकमा फालेको गोलभेंडा।

*तस्बिर : रासस*

# बजेटले फजुल खर्च नियन्त्रणका विभिन्न प्रावधान राखेकामा स्वागत

काठमाण्डु । बहस मण्डपले आगामी आव २०८०/८१ का नीति तथा कार्यक्रम र बजेटले फजुल खर्च नियन्त्रणका लागि विभिन्न प्रावधान राखेकामा स्वागत गरेको छ । विकास आयोजनाका काम छिटोछरितो गराउने र समयमा आयोजना सम्पन्न गर्ने सम्बन्धमा विभिन्न कार्य प्रक्रियालाई सरलीकरण गरिनु पनि यसको सबल पक्ष भएको प्रतिक्रया बूढानीलकण्ठ -१०, कपन, निलोपुलमा गत वर्ष गठित मण्डपले जनाएको छ ।

संस्थाले पञ्चवर्षीय योजनाका आधारमा कार्यक्रम तथा बजेट बन्नुपर्नेमा पहुँचका आधारमा आयोजना छनोट गरी कार्यक्रम तथा बजेट बनाइएको, पञ्चवर्षीय योजनालाई बेवास्ता गर्दै सांसद क्षेत्र विकास कार्यक्रमका नाममा दुर्लभ राजश्व छर्ने काम गरिएको र सङ्घको यस प्रकारको तजबिजी कार्यक्रमको सिको प्रदेशले समेतले गरेको भनी असन्तोष जनाएको छ ।

सामाजिक सुरक्षा भत्तामा हुने फजुल खर्च नियन्त्रणका लागि निम्नवर्गका नागरिक पहिचान गरी भत्ता वितरण गर्ने कुरालाई बेवास्ता गर्दै हुनेखाने वर्गलाई समेत यस्तो भत्ता वितरण गर्ने पुरानो नीतिलाई बजेटमा यथावत् राखिएको, अनावश्यक ठाउँमा विमानस्थल बनाउने र विश्वविद्यालय थप गरेर देशलाई ठुलो आर्थिक भार पार्ने विषयलाई रोक लगाउने कुनै कुरो नबोलिएको तथा तल्लो वर्गलाई आर्थिक भार पर्ने गरी करका दर निर्धारण गरिएको आलोचना गरिएको छ ।

लगभग रु ११ खर्ब राजश्व उठाउन सकिने अवस्थामा करिब रु १७ खर्बको बजेट देशको यथार्थसँग मेल नखाएको, देशको आर्थिक विकासका लागि जलस्रोत, कृषि, वन, पर्यटन र शिक्षा क्षेत्रमा फड्को मार्ने प्रकारका कार्यक्रम नदेखिएको, दुई चौमासिक त्यत्तिकै बिताएर तेस्रो चौमासिकका अन्त्यमा मात्र हतारहतार काम सक्ने नियतले बजेट खर्च गर्ने प्रवृत्ति नियन्त्रणका सन्दर्भमा एवं तोकिएका समयमा आयोजना सम्पन्न गर्न नसकेको जिम्मेवारी कसको भन्ने सन्दर्भमा केही नबोलिएको भनी संस्थाले टिप्पणी गरेको छ ।

छलफल कार्यक्रमको सहजीकरण बैंकर भुवन दाहाल र नेपाल राष्ट्र बैङ्कका पूर्वनिर्देशक बलराम पराजुलीले गर्नुभएको थियो । संस्थाले हरेक महिनाको पहिलो शुक्रबार वित्त, पर्यटन, बैंकिङ, सञ्चार आदि विविध विषयमा छलफल आयोजना गर्दै आएको छ। रासस

### प्रदेशका राजस्व नीति

# सवारी दर्ता सरुवामा छुट, मनोरञ्जन र विलासितामा थप कर

काठमाण्डु । सात वटै प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८०/८१ का लागि वार्षिक बजेट सार्वजनिक गरिसकेका छन् । अध्यादेशमार्फत बजेट ल्याएको कोशी प्रदेशबाहेक बाँकी सबै प्रदेशले विनियोजन विधेयकसँगै आर्थिक विधेयक पनि प्रदेशसभामा पेस गरिसकेका छन्। कोशी प्रदेशले अध्यादेशबाटै आफ्नो राजस्व नीतिमा केही संशोधन गरेको छ।

प्रदेश सरकारहरुको स्रोत व्यवस्थापनमा आफ्नै राजस्वबाट सङ्कलित स्रोत कम र सङ्घीय सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण तथा राजस्व बाँडफाँटको हिस्सा निकै धेरै छ। सो कारण आन्तरिक राजस्वको हिस्सा बढाउन प्रदेशले करका दर र दायरा दुवै बिस्तारमा जोड दिएका छन् ।

सवारीसाधन कर, घरजग्गा दर्ता, पर्यटन शुल्क, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आयमा लाग्ने कर, सेवा शुल्क दस्तुर, दण्ड जरिवानालगायतका रावस्वसम्बन्धी अधिकार प्रदेशले पाएका छन् । संविधानप्रदत्त अधिकारअनुसार यी क्षेत्रलाई समेटेर प्रदेशले हरेक वर्ष आफ्नो राजस्व नीति तर्जुमा गर्दै आएका छन् ।

प्रदेशको एकल र साझा अधिकार क्षेत्रका आर्थिक क्रियाकलापलाई करको दायरा विस्तार गरी आन्तरिक स्रोत परिचालन प्रभावकारी बनाउने, कर प्रणालीलाई सहज र प्रविधिमैत्री बनाउने, कर संरचना र दरमा परिमार्जन गरी समायानुकूल बनाउने, कर छली तथा राजस्व नियन्त्रणमा जोड दिनेलगायत विषयलाई मुख्य प्राथमिकतामा राखेर प्रदेशहरूले आफ्नो राजस्व नीति सार्वजनिक गरेका छन् ।

सवारीसाधनको दर्ता सरुवामा छुट दिने, २० वर्षभन्दा पुराना सवारीसाधन प्रयोग निरुत्साहन गर्ने, घरजग्गा रजिष्ट्रेसन र नामसारी प्रक्रिया सहज बनाउने, उत्पादनका लागि प्रयोग हुने जग्गाको दर्ता तथा नामसारीमा केही छुट, लामो समयदेखि नवीकरण नभएका व्यावसायिक फर्मको जरिवाना छुटलगायतका केही समान व्यवस्था प्रदेशका आर्थिक विधेयकमा परेको देखिन्छ।

**कोशी प्रदेश**

कोशी प्रदेशले निजी सवारीसाधन लाग्ने सवारीसाधन करमा एकमुष्टरुपमा दुई वर्षदेखि पाँच वर्षसम्मका लागि बुझाई नवीकरण गर्न सकिने व्यवस्था गरेको छ। अन्य प्रदेशको सरुवा सहमतिबाट चालु आर्थिक वर्ष २०७९/८० मा कोशी प्रदेशमा दर्ता भएका सवारी साधनलाई आगामी आर्थिक वर्षका २०८०/८१ मा लाग्ने सवारी करमा ५० प्रतिशत छुट दिइएको छ।

कोशी प्रदेशभित्र सिमेन्ट उत्पादन गर्ने उद्योगले उत्पादित सिमेन्ट उद्योगबाट निकासी गर्दा प्रतिबोरा (५० किलो) मा रू एकका दरले र इँटा उद्योगले उत्पादित इँटामा प्रतिहजारमा रू एक सयका दरले वातावरण तथा औद्योगिकरण व्यवस्थापन दस्तुर लगाउने निर्णय गरेको छ।

यसअघि प्रदेशभित्र उत्पादन भएको सिमेन्टमा प्राकृतिक स्रोत उपयोगबापत प्रतिबोरा लगाइएको तिर्न बाँकी शुल्क २०८० पुस मसान्तसम्म एकमुष्ट ५० प्रतिशत बुझाएमा बाँकी शुल्क, जरिवाना र ब्याज छुट दिइने जनाइएको छ।

विगतका आर्थिक वर्षमा मनोरञ्जन कर तिर्न बाँकी करदाताले २०८० पुस मसान्तसम्म सबै वक्यौता कर एकमुष्ट बुझाएमा त्यसमा लाग्ने ब्याज छुट दिने पनि प्रदेश सरकारले घोषणा गरेको छ। स्वघोषणा गरी आफ्नो कृषि आय प्रस्तुत गर्नेका लागि कृषि आयमा कर लगाइएको छ।

तोकिएको समयमा नवीकरण गर्न छुट भएका निजी तथा साझेदारी फर्महरुले नवीकरण वा खारेजीका लागि २०८१ असार मसान्तसम्म निवेदन दिएमा तीन वर्षको नवीकरण अवधि मानी प्रत्येक नवीकरण अवधिका लागि लाग्ने दस्तुरको दोब्बर दस्तुर लिई फर्म नवीकरण वा खारेजी गर्न सकिनेछ । कोशी प्रदेशले करको दायरा विस्तार गर्न राजस्व व्यवस्थापन निर्देशनालयको गठन गर्ने बजेटमा उल्लेख छ।

**मधेश प्रदेश**

मधेश प्रदेश सरकारले सामुदायिक विद्यालयको आफ्नो नाममा रहेको विद्यार्थी ओसार्न प्रयोग गरिने बस तथा मिनिबस, माइक्रोमा लाग्ने सवारी साधनको करमा ५० प्रतिशत कर छुट दिएको छ।

सवारीसाधन कर तथा जग्गा रजिष्ट्रेशन दस्तुरलगायतका प्रदेश तथा स्थानीय तहबाट बाँडफाँट हुने राजस्वलाई स्थानीय तहसँग समन्वय गरी मासिकरुपमा राजस्व बाँडफाँट गर्ने नीति मधेस प्रदेशले लिएको छ। सवारीसाधनको कर सङ्कलन सहज बनाउनका लागि मधेस प्रदेशका सबै जिल्लामा यातायात व्यवस्था कार्यालय स्थापना गरिने पनि प्रदेशको आगामी आर्थिक वर्षको बजेटमा उल्लेख छ।

**बागमती प्रदेश**

काठमाडौँ उपत्यका, भरतपुर महानगरपालिका, हेटौँडा उपमहानगर क्षेत्रबाहेक प्रदेशका अन्य स्थानमा उत्पादनमूलक उद्योग स्थापना गर्नका लागि जग्गा खरिद गर्दा प्रचलित घरजग्गा रजिष्ट्रेशन शुल्कमा ५० प्रतिशत छुट दिएको छ। बागमती प्रदेशलाई लगानीमैत्री प्रदेशका रुपमा स्थापना गर्न यस्तो छुट दिइएको प्रदेश बजेटमा उल्लेख छ। यस्तो छुट काठमाडौँ उपत्यकाभित्र सञ्चालित उत्पादनमूलक उद्योगले आफ्नो कारखाना उपत्यका बाहिर गाउँपालिका र नगरपालिका क्षेत्रमा स्थानान्तरण गरेमासमेत पाउनेछन्।

बागमती प्रदेशले घरजग्गा रजिष्ट्रेसन शुल्कमा संशोधन गरेको छ । घरजग्गा कारोबारमा लाग्दै आएको बागमती सभ्यता क्षेत्र सुधार तथा विकास शुल्क र नारायणी तथा राप्ती सभ्यता क्षेत्र सुधार तथा विकास शुल्क आगामी आर्थिक वर्षदेखि नलाग्ने व्यवस्था गरिएको छ।

बागमती प्रदेशभित्रका सामुदायिक वनबाट उत्पादन भई बाहिर बिक्रीवितरण गरिएका वन पैदावारबाट सङ्कलित रकमको २० प्रतिशत रकम सेवा शुल्कबापत प्रदेश सञ्चित कोषमा जम्मा गर्नुपर्ने व्यवस्था लागू गरिएको छ।

बागमती प्रदेशभित्र सञ्चालनमा रहेका सीमाको आकाशे पुल (स्काइ टावर) भ्यूटावर, स्वीङ र केबलकारमा पाँच प्रतिशत मनोरञ्जन कर थपिएको छ। यो प्रदेशमा उद्योग व्यवसायमा लाग्ने करका दरमा परिवर्तन गरिएको छैन भने फर्मको नवीकरण गर्ने म्याद समाप्त भएपछि नवीकरण गर्दा लाग्ने जरिवाना रकम घटाइएको छ। महिला, दलित समुदाय, अपाङ्गता भएको व्यक्ति, अल्पसङ्ख्यक र लोपोन्मुख समुदायका व्यक्तिले प्राइभेट फर्म रजिस्ट्रेसन गर्न चाहेमा दर्ता शुल्कमा ५० प्रतिशत छुट लाग्ने व्यवस्था बागमती प्रदेशले गरेको छ।

कम्पनी वा व्यक्तिको स्वामित्वमा रहेको जग्गा आवासीय प्रयोजनका लागि प्लटिङ सञ्चालन गर्नका लागि खण्डीकरण गर्दा त्यस्तो जग्गाको क्षेत्रफलका आधारमा प्लटिङ शुल्क लाग्ने प्रदेशको बजेट वक्तव्यमा जनाइएको छ। बागमती प्रदेशका यातायात व्यवस्था कार्यालयमा दर्ता भई २० वर्ष पूरा भएका कारण सञ्चालनमा आउन नसक्ने सार्वजनिक सवारी साधनको २० वर्षको सवारी कर बुझाउँदा बाँकी रहेको कर र नवीकरण दस्तुर २०८० फागुन मसान्तसम्म बुझाएमा त्यसमा थप जरिवाना लाग्ने छैन।

विज्ञापन करका लागि कानुनको मस्यौदा तयार पार्ने र प्रत्येक स्थानीय तहले माटो, ढुङ्गा, गिट्टी, बालुवालगायतका प्राकृतिक स्रोतका लाग खोलेको ठेक्काको जानकारी प्रदेशलाई पनि दिनुपर्नेछ। बागमती प्रदेशको राजस्व स्रोत परिचालन सम्बन्धमा अध्ययन गरी सुझाव पेस गर्न एक उच्चस्तरीय आयोग गठन गर्ने जनाइएको छ।

**गण्डकी प्रदेश**

गण्डकी प्रदेश सरकारले पर्यटन शुल्कको दायरा बिस्तार गरेको छ । प्रदेशभित्र बैंक तथा वित्तीय संस्था र बीमा व्यवसाय गर्ने एकै प्रकृतिका निकायहरु एक आपसमा गाभिन चाहेमा त्यस्ता संस्थाले घरजग्गाको एकीकृत कारोबार गर्दा संशोधन शुल्कबाहेक अन्य शुल्क छुट पाउनेछन्।

घरजग्गाको रजिष्ट्रेसन लिखत पास गर्नका लागि कैदीबन्दीले डोरमार्फत् लिखत पास गर्न माग गरेमा यसमा लाग्ने शुल्कमा २५ प्रतिशत छुट दिने व्यवस्था गरिएको छ।

आर्थिक वर्ष २०७५/७६ भन्दा अगाडिदेखि हालसम्म सवारीसाधन कर नबुझाएका सवारी धनी २०८० फागुन मसान्तसम्म सवारी कर बुझाउन आएमा आर्थिक वर्ष २०७५/७६ भन्दा अगाडिको सवारीसाधन करमा लाग्ने जरिवाना छुट पाउनेछन्।

गण्डकी प्रदेशका नागरिकले अन्य प्रदेशमा दर्ता गरेका सवारीसाधन २०८१ असार मसान्तसम्ममा गण्डकी प्रदेशमा सरुवा दर्ता गर्न चाहेमा एक पटकका लागि ती सवारी साधनको दर्ता, नवीकरण, र सवारीसाधन करमा पूर्ण छुट पाउनेछन्।

सवारी साधनको आयु २० वर्ष कटी लगत कट्टा नभएका सार्वजनीक सवारीसाधनका धनीले लगत कट्टा गर्न निवेदन दिएमा ती सवारी साधनको २० वर्षपछिको करमा ७५ प्रतिशत छुट दिइएको छ।

**लुम्बिनी प्रदेश**

लुम्बिनी प्रदेश सरकारले विज्ञापन कर, मनोरञ्जन कर र प्राकृतिक स्रोतको शुल्कको दायरा विस्तार गरेको बजेट प्रदेशको आगामी आर्थिक वर्षको बजेट वक्तव्यमा उल्लेख छ। नयाँ व्यवस्थाअनुसार लुम्बिनी प्रदेशभित्रका यातायात व्यवस्था कार्यालयबाट सङ्कलन हुँदै आएको टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सामा लाग्ने सवारीसाधन कर आगामी आर्थिक वर्षदेखि स्थानीय तहले आफैं उठाउन सक्नेछन्।

इजाजत नलिएका वा नवीकरण नगरी सञ्चालनमा रहेका पर्यटन व्यवसायलाई एकपटकका लागि न्यून शुल्कमा इजाजत प्राप्त गर्न वा नवीकरण गर्नसक्ने व्यवस्था बजेटमा राखिएको छ । प्राइभेट तथा साझेदारी फर्मलाई विवरण बुझाउँदा लाग्ने जरिवाना तथा शुल्कमा छुट दिइएको छ।रासस

**धनुषा जिल्लाको लक्ष्मीनियाँ गाउँपालिका स्थित औरही खोलाबाट दिगो र वातावरण मैत्री रुपले ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन् तथा संकलन कार्यको लागि प्रारम्भिक वातावरणीय परीक्षण (IEE) को प्रतिवेदन तयारी सम्बन्धी सार्वजनिक सूचना**

**प्रकाशित मितिः २०८०/०३/०४**

मधेश प्रदेश अन्तर्गत पर्ने धनुषा जिल्लाको लक्ष्मीनियाँ गाउँपालिका द्वारा निम्न बमोजिमको प्रस्ताव कार्यान्वयन गर्न लागिएको छ।

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | लक्ष्मीनियाँ गाउँपालिकाको कार्यालय<br>लक्ष्मीनियाँ, बजार |
| **प्रस्तावकको व्यहोरा** | धनुषा जिल्लाको लक्ष्मीनियाँ गाउँपालिका स्थित औरही खोलाबाट दिगो र वातावरणमैत्री रुपले ढुङ्गा, गिट्टी तथा बालुवा उत्खनन् तथा संकलन कार्यको लागि प्रारम्भिक वातावरणीय परीक्षण |
| **प्रभाव पर्न सक्ने जिल्ला/गा.पा. वडा** | धनुषा जिल्ला, लक्ष्मीनियाँ गाउँपालिका-२ |

माथि उल्लेखित प्रस्तावको वातावरणीय अध्ययन प्रतिवेदन तयारी गर्ने क्रममा सो क्षेत्रको प्राकृतिक, भौतिक प्रणाली, जैविक प्रणाली, सामाजिक प्रणाली, साँस्कृतिक प्रणाली र आर्थिक प्रणालीबीच के कस्तो प्रभाव पर्दछ भनी यकिन गर्न सो स्थानको गा.पा. तथा त्यस क्षेत्रका विद्यालय, अस्पताल, स्वास्थ्य चौकी तथा सरोकारवाला व्यक्ति वा संस्थाको लिखित राय सुझाव लिन आवश्यक भएकोले यो सार्वजनिक सूचना प्रकाशित भएको मितिले सात दिनभित्र निम्न ठेगानामा आईपुग्न गरी लिखित राय सुझाव उपलब्ध गराई दिनु हुन अनुरोध गरिन्छ।

**राय सुझावको लागि पत्राचार गर्ने ठेगानाः**

| | |
|---|---|
| **प्रस्तावकको नाम र ठेगाना** | श्री लक्ष्मीनियाँ गाउँपालिकाको कार्यालय<br>लक्ष्मीनियाँ बजार, धनुषा |
| **परामर्शदाताको नाम र ठेगाना** | श्री नेपाल ईन्भारोमेन्ट एण्ड इन्जिनिरिङ्ग कन्सल्टेन्सी सर्भिसेस प्रा.लि.<br>शान्तिनगर, काठमाण्डौ<br>फोन नं. ९८५१०८८५११, ९८६०४५९९५०<br>इमेलःnecos_nepal@hotmail.com |

# भ्रमण वर्षको तयारी थालियो

चितवन । सन् २०२४ लाई भरतपुर भ्रमण वर्षको रुपमा मनाउन तयारी थालिएको छ । चितवनको भरतपुर महानगरपालिकाले आन्तरिक र बाह्य पर्यटक भित्र्याउन भ्रमण वर्ष मनाउन लागेको हो ।

देशकै प्रमुख पर्यटकीय गन्तव्य रहेको भरतपुरलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा परिचित गराउन भ्रमण वर्ष मनाउन लागिएको हो । महानगरका पर्यटन विज्ञ सल्लाहकार विश्व सुवेदीका अनुसार महानगरपालिका प्रमुख रेनु दाहाल संयोजक रहेको ५०१ सदस्यीय मूलसमिति बनाइएको छ।

दाहाल नै संयोजक रहेको पाँच सदस्यीय निर्देशन समिति छ । यो समितिमा उपप्रमुख चित्रसेन अधिकारी, प्रमुख प्रशासकीय अधिकृत, पर्यटन महाशाखा प्रमुख र सदस्य सचिवमा पर्यटन विज्ञ सुवेदी हुनुहुन्छ। उपप्रमुख अधिकारी संयोजक रहेको कार्यसम्पादन समिति बन्दैछ। विभिन्न उपसमिति बन्ने क्रममा छन्। कतिपय समितिले काम थालेका छन् । भ्रमण वर्षको लोगो तयार भइसकेको छ भने नारा तयहुँदै गरेको सुवेदीले जानकारी दिनुभयो । सूचनाका लागि ब्रोसर, वृत्तचित्र र एप बन्दैछ । सङ्घ र प्रदेशमा विभिन्न प्रस्ताव पेस गरिएको छ।

महानगर प्रमुख दाहालले महानगरको गन्तव्य राष्ट्रिय र अन्तर्राष्ट्रिय बजारमा प्रवर्द्धन गर्न, पर्यटकको सङ्ख्या र बसाइँअवधि वृद्धि गर्न भ्रमण वर्ष मनाउन लागिएको बताउनुभयो । उहाँले महानगरभित्रका नयाँ गन्तव्य पहिचान गरी प्रचारप्रसार गरिने जानकारीदिनुभयो।महानगरभित्रका पर्यटकीय गन्तव्यको पूर्वाधार विकास र सौन्दर्यकरण गरिने दाहालको भनाइ छ । उहाँले भन्नुभयो “भ्रमण वर्षका अवसरमा सङ्घ, प्रदेश र राष्ट्रियस्तरका ५० भन्दा बढी कार्यक्रम गर्ने योजनामा छौँ ।” भरतपुर देशकै महत्वपूर्ण पर्यटकीय गन्तव्य भएको भन्दै उहाँले भ्रमण वर्षको कार्यक्रमले यहाँको पर्यटकीय क्षेत्रको प्रवर्द्धनमा ठूलो टेवा पुग्ने बताउनुभयो।

उपप्रमुख अधिकारीले महानगरभित्र पहिचान भएका महत्वपूर्ण ३० पर्यटकीय गन्तव्य रहेको बताउनुभयो। ती मध्ये मेघौली, पटिहानी, नारायणी सि बीच मोडल, बीस हजारी ताल, देवघाट धाम, चौकीडाँडा गरी सात वटालाई प्रमुख गन्तव्यको रुपमा राखेर प्रबर्द्धन गर्दै आएको बताउनुभयो।

अधिकारीले भन्नुभयो “कोभिडपछि सुस्ताएको पर्यटन क्षेत्रको प्रवर्द्धनमा भ्रमण वर्ष प्रभावकारी हुनेछ ।” राष्ट्रिय र अन्तर्राष्ट्रिय रुपमा परिचित चितवन राष्ट्रिय निकुञ्ज प्रवेशद्वार भरतपुर महानगरका धेरै ठाउँबाट रहेका छन् । निकुञ्जको धेरै जनावर पाइने पश्चिमी क्षेत्र महानगर हुँदै प्रवेश गरिन्छ।रासस

# नेप्सेको उकालो यात्रा कायमै

काठमाण्डु। नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचकको उकालो यात्राले यो साता कारोबारको पहिलो दिन पनि निरन्तरता पाएको छ। आइतबार नेप्से परिसूचक ५२ दशमलव २६ अङ्कले बढेर दुई हजार ९४ दशमलव ३३ को बिन्दुमा पुगेको हो।

नेप्सेका अनुसार आइतबार विभिन्न दुई सय ८० कम्पनीका एक करोड २० लाख ९५ हजार नौ सय ६६ कित्ता शेयर रू चार अर्ब ८६ करोड ९१ लाख ८४ हजार १६ मा खरिदबिक्री भएका छन्।

आइतबार बैंकिङ समूह तीन दशमलव ५५ अङ्कले घटेको छ भने अरु सबै समूहको उपसूचक बढेको छ। सबैभन्दा धेरै जीवन बीमा समूहको उपसूचकमा छ सय ९४ दशमलव १४ र निर्जीबन बीमा समूहको उपसूचकमा पाँच सय दशमलव ३० अङ्कको वृद्धि देखिएको छ।

विकास बैंक ५० दशमलव १२, वित्त ३५ दशमलव ७७, होटल तथा पर्यटन दुइ सय ९४ दशमलव ४०, जलविद्युत् एक सय दुइ दशमलव ०१, लगानी एक दशमलव ०४ र उत्पादन तथा प्रशोधन समूह एक सय ४२ दशमलव ०१ अङ्कले बढेको छ। त्यस्तै, लघुवित्त समूहको उपसूचक एक सय तीन दशमलव ५२, म्युचुअल फन्ड शून्य दशमलव १२, व्यापार ८७ दशमलव ०८ र अन्य समूह ८६ दशमलव ३० अंकले बढेको छ।रासस

**जनकपुरधाम उप-महानगरपालिका, पिराडी चोक देखि पश्चिम, सिरहा मार्टको Opposite मा संचालित CFC Food Cafe मा विभिन्न परिकारको गुणस्तरीय तथा स्वादिष्ट खाना, नास्ताको लागि एकपल्ट सेवाको मौका दिनुहोस । ग्राहकको सन्तुष्टि नै हाम्रो सन्तुष्टि हो ।**

**हाम्रो स्पेशल परिकारहरू**

| | |
|---|---|
| Chicken Angara | 375/- |
| Chicken Cutlet | 320/- |
| Chicken Golden Fry | 330/- |
| Chicken Masala | 320/- |
| Mutton Masai Tikka | 475/- |
| Fish Tikka Crim | 395/- |
| Paneer Golden Fry | 255/- |
| Paneer Kurkure | 275/- |
| Veg 65 | 280/- |
| Soup | 150/- |
| Chicken Finger | 350/- |
| C.F.C. Damm Biryani | 495/- |
| Panjabi Paneer Pakauda | 295/- |





**सम्पर्क ठेगाना**

**CFC Food Cafe**

Janakpurdham, Pirari Chowk

Contact NO. 9801670101

# साहलाई आजीवन कैद सजाय

**टुडे समाचारदाता**

कलैया। बारामा ९ वर्षीय बालिकालाई करणी गरेर हत्या गरेको अभियोगमा आदर्शकोतवाल गाउँपालिका-७ का सन्तोष साह कानुलाई बारा जिल्ला अदालतले आजीवन कैदको फैसला गरेको छ।

जिल्ला न्यायाधीश प्रकाश राउतको इजलासले जेठ ३० गते साहलाई आजीवन कैद हुने फैसला सुनाएका छन् । आदर्शकोतवाल गाउँपालिका-७ स्थित कुखुरा फर्म छेउको खाली चौरमा बाख्रा चराइरहेकी सोही गाउँकी ९ वर्षीया बालिकालाई ललाइफकाइ कुखुरा फर्ममा बोलाएर सन्तोष साह कानुले ०७८ पुस २५ गते करणी गरेर हत्या गरेका थिए।




हत्यालगत्तै साहले बालिकाको शव गाउँ नजिकैको जमुनी खोलामा फालेका थिए । साहलाई मुलुकी अपराध संहिता २०७४ को दफा १७७ को (१) अनुसार ज्यान सम्बन्धी कसुर र दफा २१९ को करणी सम्बन्धी व्यवस्थाको (३) अनुसार आजीवन जन्मकैद सजाय भएको छ।

बारा जिल्ला अदालतले यी दुबै कानुलाई टेकेर साहलाई आजीवन जन्मकैदको फैसला भएको श्रेस्तेदार (उपसचिव) नवराज जोशीले जनाए । करणीमा पीडित जीवित रहेको अवस्थामा जन्मकैदको व्यवस्था छ तर करणी पश्चात हत्या हुँदा दोहोरो सजाय हुने व्यवस्था अनुसार पीडकलाई आजीवन जन्मकैदको फैसला भएको बारा जिल्ला अदालतले जनाएको छ।

मुलुकी अपराध संहिता अनुसार जन्मकैद भन्नाले २५ वर्ष र आजीवन जन्मकैद भन्नाले जीवनभर कैद सजायलाई मानिन्छ।

'दुबै कसुर कायम हुने ठहर भएकाले प्रतिवादी सन्तोष साह कानुलाई मुलुकी अपराध संहिता २०७४ को दफा ४१ अनुसार जीवित रहेसम्म कैद हुने ठहर्छ,' बारा जिल्ला अदालतका श्रेस्तेदार जोशीले भने।

### यस्तो थियो घटना

०७८ पुस २५ गते दिउँसोका समयमा घरबाट बाख्रा चराउन गएकी बालिका सोही दिनदेखि बेपत्ता भएकी थिइन् । त्यसको २ दिनपछि ०७८ पुस २७ गते दिउँसो अन्दाजी १२:३० बजे जमुनी खोलाको पानीमा ती बालिका मृत अवस्थामा फेला परेकी थिइन्। कुखुरा फर्मको नजिकै बाख्रा चराइरहेकी बालिकालाई साहले आफ्नै पिताले सञ्चालन गरेको कुखुरा फर्म नजिकै बोलाएर करणी गरेको र बालिका चिच्च्याएपछि घाँटी थिचेर, बालिकाको टाउकोमा कोदालो हानेर हत्या गरेका थिए।

हत्या लगत्तै साहले बालिकाको शव बोराले छोपी राखेको र सोही दिन राति १२ बजेपछि कोही नभएको मौका छोपेर जमुनी खोलामा फालेका थिए । साहले बालिकाको करणी र हत्या लगत्तै घटनामा प्रयोग भएका केही सामान आगो लगाएर जलाएका थिए।

भोलिपल्ट बिहान कुखुरा फर्मबाट आमा घरतर्फ जान लाग्दा साहले प्लाष्टिकको झोलामा बालिकाको जुत्ता, रुमाल प्याक गरी आफ्नी आमा शान्तिदेवीलाई नहरमा लगेर फाल्न लगाएका थिए।

यद्यपि, सो घटनामा बारा जिल्ला अदालतले शान्तिदेवीलाई भने सफाइ दिएको छ। प्रारम्भिक अनुसन्धानका क्रममा शान्तिदेवीलाई नियन्त्रणमा लिएर सोधपुछ गर्दा उनले नै छोराले आफूलाई नहरमा फाल्न पठाएको झोला लगायतका विषयमा जानकारी दिएपछि प्रहरीले बालिकाको हत्यामा साह नै संलग्न रहेको पत्ता लगाएको थियो।

# 'माध्यमिक शिक्षा मातृ भाषामै दिनुपर्छ'



**टुडे समाचारदाता**

जनकपुरधाम । जनता समाजवादी पार्टी (जसपा)का अध्यक्ष तथा प्रतिनिधिसभा सांसद उपेन्द्र यादवले माध्यमिक तहसम्मको शिक्षा मातृ भाषामै दिनुपर्ने बताएका छन्।

आइतबार जनकपुरधाममा भाषा आयोगले आयोजना गरेको सरकारी कामकाजको भाषा कार्यान्वयनका लागि अन्तरक्रिया कार्यक्रममा उनले सो कुरा बताएका छन् । जुन क्षेत्रमा जुन मातृ भाषा बोलिन्छ त्यही भाषामा माध्यमिक शिक्षामासम्म पठ्नपाठन हुनुपर्ने धारणा राखे।

'भाषा नागरिकको रोजीरोटीसँग जुडेको छ । व्यक्तित्व, पहिचान र प्रगतिसँग जुडेको छ,' उनले भने,'केही राजनीतिक अधिकार प्राप्त भए पनि भाषिक अधिकारबाट धेरै समुदाय वञ्चित छन् ।सम्मान भाषिक अधिकारबाट मधेशी समुदाय पनि वञ्चित छन् । जसलाई स्थापित गर्नुपर्छ।'

संविधान संशोधन गरेर पनि सरकारी कामकाजको भाषामा अत्यधिक बोलिने भाषाहरु समावेश गर्न उनले माग गरे।

देशको नीति नै गलत रहेको उनले टिप्पणी गरे । कुनै एउटा भाषालाई बहुभाषिक देशमा राष्ट्रिय भाषा बनाउनु गलत रहेको उनले बताए । संविधानमै बहुभाषिक उल्लेख भए पनि एउटा भाषालाई राष्ट्रिय बनाउनु अन्य भाषा बोलिनेहरुसँग विभेद रहेको उनले चर्चा गरे।

मधेश प्रदेशमा चार/पाँच वटा भाषालाई सरकारी कामकाजको रुपमा प्रयोग गर्न सकिने बताउँदै उनले भने म रौतहट जाँदा मैथिली भाषा काम लाग्दैनन्। त्यहाँ भोजपुरी नै चाहिन्छ भने उदाहारण देखाएर भने,'त्यसरकाण प्रदेशले भाषाको आफ्नै अनुसूची बनाउनुपर्छ । मधेशमा प्रयोग हुने चार/पाँच वटा भाषा राख्न सकिने बताए।

कार्यक्रममा मधेश प्रदेशका प्रदेश प्रमुख हरिशंकर मिश्र, सभामुख रामचन्द्र मण्डल, भाषा आयोगका अध्यक्ष डा. गोपाल ठाकुर, मधेश प्रदेशका न्यायाधिवक्ता वीरेन्द्र ठाकुर, शिक्षा तथा समाज कल्याण मन्त्री महेश प्रसाद यादवलगायतको उपस्थिति रहेको थियो।

# अतिरिक्त हुलाक खारेज विरुद्धमा आन्दोलन

**टुडे समाचारदाता**

मलंगवा । सरकारले जेठ १५ गते बजेट भाषणमार्फत अतिरिक्त हुलाक कार्यालय खारेज गर्ने घोषणा गरेपछि सर्लाहीका हुलाक कर्मचारी आन्दोलनमा उत्रेका छन्।



उनीहरु गएको जेठ १६ गतेदेखि नै अतिरिक्त हुलाक कार्यालयले प्रदान गर्ने सम्पूर्ण सेवा बन्द गरी आन्दोलनमा उत्रेका छन्।

सर्लाहीमा ७९ वटा अतिरिक्त हुलाक कार्यालयमा २३२ जना कर्मचारी कार्यरत छन् । सरकारले कार्यालय खारेज गर्ने घोषणा गरेपछि वर्षौंदेखि सेवा प्रदान गर्दै आइरहेका आफूहरु कामकाजविहीन हुने भएको भन्दै कर्मचारीले आन्दोलन गरिरहेका छन्।

आन्दोलित कर्मचारीले अतिरिक्त हुलाक खारेजको निर्णय तत्काल फिर्ता गर, लामो समयदेखि कार्यरत कर्मचारीको रोजगारी खोस्न पाइदैन, राजीनामा दिइ सेवाबाट नियमित रुपमा अवकाश भएका वा हुने कर्मचारीको सेवा अवधिको आधारमा सेवा सुविधा सुनिश्चित गर लगायतको माग राख्दै आइतबार जिल्ला प्रशासन कार्यालयमार्फत सरकारलाई ज्ञापनपत्र बुझाएका छन्।

नेपाल अतिरिक्त हुलाक कर्मचारी एशोसिएसनका जिल्ला अध्यक्ष विजय यादवको नेतृत्वमा आन्दोलित हुलाक कर्मचारीले जिल्ला प्रशासन कार्यालय मलङ्गवामार्फत सरकारलाई ज्ञापनपत्र बुझाएका छन्।

आन्दोलनको कार्यक्रम अन्तर्गत असार ९ गतेसम्म यसैगरी कार्यालय बन्द गरेर कामकाज ठप्प पार्ने र त्यसबेलासम्म पनि आफूहरुको माग सुनुवाई नभए १० गतेबाट अतिरिक्त हुलाक कार्यालयसँगै इलाका हुलाक र जिल्ला हुलाक कार्यालयमा समेत तालाबन्दी गरेर कामकाज ठप्प पारिने नेपाल अतिरिक्त हुलाक कर्मचारी एशोसिएसनका केन्द्रीय सदस्य तथा जिल्ला सचिव शेखर खड्काले जानकारी दिए।

# विद्यार्थीको पठन पाठन ठप्प

**टुडे समाचारदाता**

राजविराज । नेपाल विद्यालय कर्मचारी परिषद्ले विभिन्न माग अघि सार्दै अनिश्चितकालिन विद्यालय बन्द कार्यक्रमको सुरुवात गरेपछि सामुदायिक विद्यालयहरु सुनसान देखिएको छ।

निजी विद्यालयहरुमा भने सदा झै चहल पहल र पठन पाठन सूचारु छ। परिषद्ले सामुदायिक विद्यालयहरुमा कार्यरत विद्यालय कर्मचारीहरुको विभिन्न सेवा सुविधासहित पेशागत स्थायित्वको माग राख्दै आन्दोलन गर्दै आएका थिए। तर कुनै सुनुवाइ न भएपछि बाध्य भइ आइतबारदेखि अनिश्चितकालिन विद्यालय बन्द कार्यक्रम ल्याउनु परेको परिषद्का सप्तरी अध्यक्ष भगवती चौधरीले बताए।

जिल्लामा ५ सय १३ सामुदायिक विद्यालय छन् । जसमा १ लाख ७ सय ६ विद्यार्थी अध्ययनरत छन्। परिषद्को अनिश्चितकालिन बन्दले शैक्षिक क्यालेण्डर प्रभावित हुनुका साथै सामुदायिक विद्यालयका ती सबै विद्यार्थीको पठन पाठन ठप्प भएको छ।

विद्यार्थी र अभिभावकले भने अविलम्ब उक्त समस्याको समाधान गरी पठन पाठन सूचारु गर्न सरकार समक्ष माग गरेका छन्।

# रात्रिकालीन बजार सञ्चालन

**टुडे समाचारदाता**

जनकपुरधाम।जनकपुरधाममा आइतबारदेखि रात्रिकालीन बजार सञ्चालन हुने भएको छ।

जनकपुरधाम उद्योग वाणिज्य सङ्घले आइतबार रातिदेखि जनकपुरधाममा रात्रिकालीन बजार सञ्चालनमा आएको जनाएको छ।

जनकपुरधाम उपमहानगरपालिकाले रात्रिकालीन बजार सञ्चालनका लागि अनुमति दिएको छ।

नगरप्रमुख मनोजकुमार साहले तत्काललाई राति १० बजेसम्म बजार सञ्चालन गर्ने गरी अनुमति दिएको जानकारी दिए। उनले अहिले सुरु गरेपछि विस्तारै बजार सुधार गर्दै जाने बताए।

जनकपुरधाममा रात्रिकालीन बजार सञ्चालनका लागि जनकपुरधाम उद्योग वाणिज्य सङ्घले धेरै पहिलेदेखि विभिन्न निकायसँग माग गर्दै आएको थियो । उद्योगी व्यवसायीको माग बमोजिम रात्रिकालीन बजार सञ्चालन सम्बन्धमा आयोजना गरिएको अन्तकरक्रिया कार्यक्रममा नगरप्रमुख साहले आइतबारदेखि नै रात्रिकालीन बजार सञ्चालनको प्रस्ताव गरेका थिए।



जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठले रात्रिकालीन बजार सञ्चालनले यस क्षेत्रको अन्य व्यवसायलाई पनि थप चलायमान बनाउने विश्वास व्यक्त गर्दै यसले धार्मिक पर्यटकहरूलाई थप आकर्षित गर्ने र आर्थिक अवस्था चलायमान बन्ने विश्वास व्यक्त गरे।

# रात्रि बजारको लागि समिति गठन

**टुडे समाचारदाता**

जनकपुरधाम । जनकपुरधाममा रात्रिकालिन बजार सञ्चालनको लागि समिति गठन गरिएको छ।

आइतबार बसेको सुरक्षा समितिको बैठकले धनुषाको सहायक प्रमुख जिल्ला अधिकारी अनुज भण्डारीको नेतृत्वमा समिति गठन गरेको छ।

सो समितिले सात दिनभित्र प्रतिवेदन दिएपछि रात्रिकालिन बजार सञ्चालन गर्ने/नगर्ने बारे निर्णय हुने धनुषाका प्रमुख जिल्ला अधिकारी काशिराज दाहालले जानकारी दिए।

उनका अनुसार समितिमा जनकपुरधाम उद्योग वाणिज्य संघ, जनकपुरधाम उपमहानगरपालिका, सुरक्षा निकाय र नागरिक समाजको प्रतिनिधित्व छ।

सो समितिले रात्रिकालिन बजार सञ्चालनको विभिन्न कोणबाट अध्ययन अनुसन्धान गरी प्रतिवेदन तयार पर्नेछन् । र, सो प्रतिवेदनले गरेको मार्ग निर्देशन अनुसार अन्य प्रक्रिया अगाडि बढाइने छन् । तर तत्कालको लागि राति दश बजे सम्म बजार खुल्ला राख्न पाउने प्रमुख जिल्ला अधिकारी दाहालले बताए।

'आइतबारदेखि लागु हुने गरी सुरक्षा समन्वय समितिकै बैठकले राति १० बजे सम्म बजार चल्न दिने सहमति भएको छ,'उनले भने,' हिजोसम्म ९ बजेभन्दा बढी खोल्न पाइदैन्थ्यो।'

जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठ पनि सोही कुरा दोहऱ्याए। समितिको प्रतिवेदनपछि रात्रिकालिन बजार कुन मोडेलमा सञ्चालन गर्ने सुझावसहित दिइने उनले बताए।

जनकपुरधाम उद्योग वाणिज्य संघ रात्रिकालिन बजारको लागि विभिन्न निकायसँग पहल गर्दै आएका छन्। उनले रात्रिकालिन बजारको धेरै आवश्यकता रहेको औल्याउँछन्।

'सुरक्षा निकायले देश द्वन्द्वकालमा हुँदा बजार राति ८ बजे सम्म मात्रै सञ्चालन गर्न पाउने निर्णय गरेको थियो,'उनले तर्क गर्दै भने,'तर, अहिले देश त कुनै द्वन्द्वमा छैन् । त्यसकारण केही मापदण्ड बनाएर जनकपुरधामको बजार रात्रिकालन सञ्चालन हुनुपर्छ ।' जनकपुरधाममा आउने पर्यटक रात्रिकालिन बजार नहुँदा समस्यामा पर्ने गरेको थियो।

# पशुमा लम्पी स्कीन रोगको संक्रमण

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषाको आधा दर्जन पालिकाहरूमा पशु चौपायामा लाग्ने लम्पी स्कीन रोगको संक्रमण देखिएको छ।



खास गरेर गाई, भैंसीमा लाग्ने लम्पी स्कीन रोगका कारणले यहाँ आधा दर्जन चौपायाहरू मरेका छन्।

धनुषाको क्षीरेश्वरनाथ नगरपालिका, मिथिला विहारी नगरपालिका, धनुषाधाम, बटेश्वर, सबैलामा यो रोगको संक्रमण देखिएको भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रका प्रमुख वरिष्ठ पशु चिकित्सक डा. सञ्जीव ठाकुरले जानकारी दिए।

लम्पी स्कीन रोग लागेको पशु चौपायामा फोका आउने, फुट्ने र घाउ आउने, ज्वरो आउने, गर्भ तुहिने र दूध दिनेको दूध आउन कम हुने जस्ता लक्षणहरू देखिन्छ ।

लम्पी स्कीन सरुवा रोग भएकाले यसले एक पशुबाट अर्को पशुमा सार्ने भएकाले किसानहरू सजग हुन आवश्यक छ । यो रोग लागेका पशुबाट स्वस्थ्य पशुलाई अलग राख्नका लागि चिकित्सकहरूले सुझाव दिएका छन्। लम्पी स्कीन रोगबाट जोगाउनका लागि नियमित रुपमा खोप लगाउनुको विकल्प नभएको उल्लेख गर्दै डा.ठाकुरले धनुषामा खोप कार्यक्रम यस पटक नचलेको बताए।

आकस्मिक रुपमा खर्च गर्न मिल्ने शीर्षकको बजेट नै रोक्का गर्ने काम भएकाले खोप कार्यक्रम हुन नसकेको उनले बताए।

धनुषामा पशु लागिरहेको प्राणघातक रोग लम्पी स्कीन रोग रोक्नका लागि समयमा नै ध्यान नदिएको खण्डमा थप क्षति गर्ने खतरा रहेकाले प्रदेश सरकारले नियमित खोप कार्यक्रम तत्काल सुरु गर्न आवश्यक देखिएको छ।

# साझेदारी वनको अध्यक्षमा राय

**टुडे समाचारदाता**

मलंगवा। सर्लाहीको जानकीनगर साझेदारी वन व्यवस्थापन समूहको अध्यक्षमा पुनः रामविश्वास राय निर्वाचित भएका छन्।



प्रतिस्पर्धी रामबाबु रायलाई पाँच मतको झिनो अन्तरले पराजित गर्दै राय दोस्रो पटक वनको अध्यक्षमा विजयी भएका छन्।

बसबरिया गाउँपालिका १ का रामश्विास २१७ मत ल्याइ विजयी हुँदा उनका निकटतम प्रतिद्वन्द्वी बसबरिया गाउँपालिकाकै वडा नं. ६ का रामबाबु रायले २१२ मत मात्रै प्राप्त गरे।

यस्तै, उपाध्यक्षमा ५ मत प्राप्त गरी हरिवन ६ का वडाध्यक्षसमेत रहेका सन्तलाल घिसिङ विजयी हुँदा उनकी प्रतिस्पर्धी बागमती ६ की कृष्णमाया घिसिङले ४ मत मात्रै प्राप्त गरिन्।

यो वन क्षेत्र अन्तर्गत जिल्लाका ९ पालिकाका ७५ वटा वडा पर्छन्। ती वडामा वडा भेला गरी ७-७ जनाको हिसाबले छानिएर आएका ५२५ जनामध्ये हिजो भएको मतदानमा ४५५ जनाले मतदान गरेका छन्।

वनको अध्यक्षका लागि वडाबाट छानिएका आएका सबै ७-७ जनाले नै र उपाध्यक्षका लागि ९ वटा पालिकाको कार्यपालिकाबाट छानिएर आएका नौं जनाले मात्रै मत खसाल्न पाउने विधानमा उल्लेख छ।

यसैगरी, वनको खुला सदस्यमा बागमती ७ का जवाहार साह ४०२, बलरा ५ का सत्यनारायण महतो ३५०, बलरा १० का इन्दल ठाकुर ३०७, बरहथवा ३ का कौशल महतो २८०, गोडैता ७ का सुरेश पासवान २६७, बसबरिया ५ का दिनेशकुमार यादव २६० र बसबरिया ३ का नागेन्द्र राय यादव २५० मत प्राप्त गरी विजयी भएका छन् । त्यस्तै, दलित सदस्यमा बरहथवा ११ की शोभा विक २१९ मत प्राप्त गरी विजयी भएकी छन्।

५२५ जना मतदाता रहेकोमा शनिबार राति भएको मतदानमा ४५५ जनाले भाग लिएका निर्वाचन समितिले जनाएको छ । आइतबार बिहान परिणाम सार्वजनिक गरिएको छ।

वनको यस निर्वाचनले राजनीतिक दलले प्रतिष्ठाको विषय नै बनाए । मतदान चलिरहँदा अधिकांश नेता मूर्तियास्थित सवडिभिजन वन कार्यालय परिसरमा पुगेका थिए।

**बेटी पढाउ, बेटी बचाउ अभियान**

प्रदेशमा शिक्षाको स्तर कमजोर रहेको यथार्थलाई आत्मसात् गर्दै मधेश प्रदेश सरकार मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ अभियान सञ्चालन सञ्चालन हुँदैआएको छ । छोरीहरुलाई विद्यालय पठाई सशक्तिकरणको माध्यमले लोककल्याणकारी राज्यको अवधारणा अनुरुप विभेदमुक्त सामाजिक न्याय स्थापना गर्न छोरा र छोरी बीचको सामाजिक विभेद अन्त्य गर्ने उद्देश्यले अभियान अन्तर्गत विभिन्न गतिविधिहरु सञ्चालन हुँदैआएको छ।

यस अभियानमा हामी सबै आ-आफ्नो स्थानबाट सक्रिय भूमिका निर्वाह गरौं।

मधेश प्रदेश सरकार
आमसञ्चार प्राधिकरण

**आवश्यकता**

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि. द्वारा प्रकाशित राष्ट्रिय क वर्गको जनकपुर टुडे दैनिक पत्रिकाका लागि तपसिल बमोजिम जिल्ला/स्थानमा नयाँ युवा पत्रकारहरुको आवश्यकता रहेकाले इच्छुक नेपाली नागरिक रहेका युवा, युवती पत्रकारहरुले तलको मोबाइल नम्बरमा सम्पर्क गर्नु हुन अनुरोध छ ।

तपसिल

| जिल्ला | स्थान |
| --- | --- |
| पर्सा | बीरगञ्ज |
| बारा | बारा जिल्लाको लागि |
| रौतहट | चन्द्रपुर |
| सर्लाही | राजमार्ग क्षेत्र (लालबन्दी, नवलपुर, हरिऔन) |
| महोत्तरी | बर्दिबास, जलेश्वर र औरही |
| सिरहा | लहान र सिरहा |
| सप्तरी | सप्तरी जिल्लाको लागि |

सम्पर्क फोन नं.
९८०१६२६०२१, ९८५५०२१०२२
email :jtodayad@gmail.com

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८